प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वन तथा वातावरण मन्त्रालय
मुकामः बुटवल



# शालग्राम अध्ययन प्रतिवेदन

२०७७/०७८

प्रतिवेदन प्रस्तुतकर्ता

लुम्बिनी ग्रामीण विकास परिषद नेपाल
बुटवल-११, रुपन्देही

# विषयसूची


| | |
|---|---|
| १. अध्ययनको पृष्ठभूमि | १ |
| २. अध्ययनको उद्देश्य | २ |
| ३. अध्ययन विधि | ३ |
| ४.दामोदर कुण्डको परिचय र महत्व | ४ |
| ५.गण्डकी नदीको परिचय | ५ |
| ६.मुक्तिनाथ क्षेत्रको परिचय र महत्व | ६ |
| ७. रुरु क्षेत्रको महत्व | १४ |
| ८. रूरू क्षेत्र, शालग्राम शिला र शालग्राम संग्राहालयका रूपमा विकास | १८ |
| ९. राम्दीघाट र उत्तरबाहिनी गण्डकी, परिचय र महत्व | २० |
| १०. पाल्पा रामपुर र शालग्राम भण्डारण | २२ |
| ११. शालग्राम शिलाको उत्पत्ति | २३ |
| ११.१ शालग्राम शिलाको उत्पत्तिसम्वन्धी वैज्ञानिक दृष्टिकोण | २३ |
| ११.२ शालग्राम शिलाको उत्पत्तिका सन्दर्भमा पौराणिक कथन | २४ |
| १२.शालग्राम शिलाको परिचय र पूजा विधि | ३२ |
| १३. शालग्राम शिलाको ऐतिहासिक महत्व | ३५ |
| १४.शालग्राम र पितृमुक्ति | ३५ |
| १५.पूजामा शालग्राम शिलाको संख्या | ३६ |
| १६ शालग्राम शिलाको प्रकृति, बनोट र प्रकार | ३७ |
| १७.कस्तो शालग्राम पुज्नु हुदैन | ४८ |
| १८.शालग्राम शिलाको महिमा | ५० |
| १९.शालग्राम शिलाको विक्री वितरण र चोरी | ५४ |
| २१.शालग्राम चक्रशिला धार्मिक पर्यटन मार्गको रूपरेखा | ५५ |
| २२.शालग्राम संरक्षणको दिगो व्यवस्थापनका उपायहरू | ५९ |
| २३. शालग्राम शिलाको महत्वका बारेमा ख्यातिप्राप्त गुरूहरूको धारणा | ६४ |
| २४.स्थलगत रूपमा शालग्राम उपलब्ध भएका क्षेत्रहय्का फोटाहरू | ६८ |

# शालग्राम अध्ययनसम्बन्धी प्रतिवेदन

## १.अध्ययनको पृष्ठभूमि

भारतवर्षको उत्तराखण्डमा पूर्व-पश्चिम फैलिएको लामो हिमशृखला छ । त्यही हिमशृङ्खलाको काखमा नेपाल देश रहेको छ। नेपालको उत्तरतर्फ विशाल हिमाल रहेको छ भने त्यसको ठीक मुनि असङ्ख्य पहाडहरू रहेका छन्। त्यसै गरी पहाडको मुनि पूर्व पश्चिम फैलिएर अन्नको भण्डारका रूपमा चिनिने तराई रहेको छ । हिमालवाट असङ्ख्य नदीहरू पहाड हुँदै तराईतर्फ वगिरहेका छन् ।

देवादिदेव महादेव दैनिक रूपमा विचरण गर्ने हिमालय पर्वत शृङ्खला, सीता माता र भगवान् गौतम बुद्धको जन्मभूमि, अनेकौं ऋषिमुनिहरूको तपोभूमि हो नेपाल दिव्य वाह्रहजार वर्ष तपस्या गरेर ज्ञान प्राप्त गरेका वशिष्ठ, वेदव्यास, विश्वामित्र, जमदग्नि, भारखण, गौतमजस्ता ऋषिमुनिले तपस्या गरेको देश नेपालवाट गौतम बुद्धले विश्वमा ज्ञानको प्रकाश छरेका हुन् । पूर्वदेखि पश्चिम, उत्तरदेखि दक्षिणसम्म अनेकौं देवीदेवताका मन्दिर, शक्तिपीठ, गुम्वाहरुका साथ अनेकौ तिर्थस्थलहरू रहेको नेपालको आध्यात्मिक तथा पौराणिक महत्त्व रहेको छ। नेपालमा थुप्रै पौराणिक महत्त्वका स्थलहरू रहेका छन्। नेपालमै अनेकौ किसिमका गुफा तथा तपोभूमिहरू रहेका छन्। स्नान, तप, यज्ञ, दान, श्राद्ध, तपस्या, ध्यान तथा शुभकर्म तथा पितृकर्मका लागि नेपाल पवित्र मानिन्छ ।अहिले यसको नाम 'ने' नाम गरेका मुनिको नामवाट भए पनि यसको अस्तित्व निकै पुरानो रहेको छ। यस सम्बन्धमा *स्कन्ध पुराण*अन्तर्गत नेपाल माहात्म्यमा भनिएको छ :

कृते सत्यवती प्रोक्ता त्रेतायान्तु तपोवनम् ।

द्वापरे मुक्ति सोपानां कलौ नेपालिका पुरी ॥

(अर्थ: यस देशको नाम सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापर युगमा मुक्तिसोपान र कलीयुगमा नेपाल रहन गयो) स्कन्ध पुराणमा उल्लेख भएअनुसार नेपालको अस्तित्व सत्य युगदेखि नै पाइन्छ। *स्कन्ध पुराण*अन्तर्गत हिमवत्खण्डमा लेखिएको छ :

त्रैलोक्यानां गरिष्ठोऽयं नेपाल इति सर्वतः ।
द्वीपानाञ्च तु सप्तानां जम्बूद्वीपो गरीयसीः ॥
तस्माच्चैव गरिष्ठञ्च वाराणसीस्थलं महत् ।
तस्माच्चतुर्गुणं ज्ञेयं श्रेष्ठं क्षेत्रं च कामदम् ॥
भुक्तिमुक्तिप्रदं साक्षात् पाशुपतं स्थलं महत् ।

(अर्थ : जसरी द्वीपहरूमा जम्बूद्वीप श्रेष्ठ मानिन्छ, त्यसै गरी जम्बूद्वीपमा रहेका स्थानहरूमा नेपाल श्रेष्ठ मानिन्छ । जम्बूद्वीपमा रहेका स्थानहरूमा वाराणसी श्रेष्ठ मानिन्छ भने वाराणसी भन्दा पनि चारगुणा श्रेष्ठ स्थान नेपाल मानिन्छ । नेपालक्षेत्र भक्तजनहरूलाई भक्तिमुक्ति दिने भगवान् पशुपतिनाथको क्षेत्र हो) । पवित्र तथा पावन नदीहरू भएको यो देश भौगोलिक दृष्टिले सानो भए पनि आध्यात्मिक तथा ऐतिहासिक महत्त्वको रहेको छ ।

पद्मपुराणको सृष्टिखण्ड एकादश अध्यायमा भीष्मपुलस्त्य संवाद छ । त्यसमा नेपालका अनेक तीर्थ हरूको वर्णन पाइन्छ । ती तीर्थ हरूमध्ये यज्ञवाराह तीर्थ, कोकामुख, तीर्थ, क्षुमतीतीर्थ, पाशुपततीर्थ, पुष्करनामतीर्थ, शालग्रामतीर्थ, कौशिकी नदी आदिको उल्लेख पाइन्छ । नेपालमा रहेका प्रमुख धामहरूमा मुक्तिक्षेत्र (मुक्तिनाथ), रुरुक्षेत्र (रिडी), पशुपति क्षेत्र ( काठमाडौँ), वाराहा क्षेत्र (चतरा), जनकपुर क्षेत्र (जनकपुर) आदि प्रमुख छन् ।

नेपाल धार्मिक दृष्टिले भगवान् पशुपनिनाथको क्षेत्रका रूपमा चिनिएजस्तै शालग्रामका क्षेत्रमा पनि चिनिन्छ । शालग्रामको लागि विशेष प्रसिद्ध क्षेत्र गण्डकी नदी र यसको तट हो । गण्डकी नदीको मुहान दामोदर कुण्डलाई मानिन्छ । दामोदर कुण्डबाट मुक्तिनाथ, कागबेनी हुँदै कुस्मा, बाग्लुङ, सेतीवेणी, रुद्रवेणी रुरु क्षेत्र, राम्दी देवघाट त्रिवेणी हुँदै गण्डकी नदी भारतको गङ्गामा मिसिन्छिन् । अतः हिमाल, पहाड हुँदै तराईमा आएर भारततिर बग्ने यही गण्डकी नदीमा मात्र शालग्राम पाइन्छ ।

## २. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य कालीगण्डकी नदिको गर्भमा पाइने शालग्रामको अध्ययन गर्नु रहेको छ । गण्डकी नदीको उद्‌गम दामोदर कुण्डदेखि भएको हो र गण्डकी नदी मुक्तिनाथ क्षेत्र हुँदै कागवेनी, म्याग्दी, वाग्लुङ, सेतीवेणी, मिर्मी, रुरुक्षेत्र, राम्दीघाँट, उत्तर वाहिनी मालुङ्गा, रामपुर हुँदै देवघाट भएर नेपालको त्रिवेणी र त्यसपछि विहार हुँदै समुन्द्रमा गएर मिसिन्छिन् । यही गण्डकी नदीमा मात्र पाइने शालग्रामलाई भगवान् नारायणको विग्रह स्वरूप मानिन्छ । विश्वका करिव एक अरब हिन्दूहरूको आस्थाको प्रतीकका रूपमा रहेको शालग्रामको ऐतिहासिक, धार्मिक तथा पौराणिक महत्त्वका अतिरिक्त पर्यटकीय महत्त्व पनि रहेको छ । प्रस्तुत अध्ययनको मूल उद्देश्य शालग्रामको अध्ययन गर्नु रहेको छ भने यससँग सम्वन्धित भएर आएका अन्य उद्देश्यहरूलाई यसरी देखाउन सकिन्छ :

(१) शालग्रामलाई गर्भमा राख्ने गण्डकी नदीको उत्पत्तिको अध्ययन गर्नु,

(२) रुरु क्षेत्रको पौराणिक तथा धार्मिक महत्त्वका बारेमा विश्लेषण गर्नु,

(३) शालग्राम शिलाको पौराणिक, वैज्ञानिक तथा ऐतिहासिक महत्त्व निरुपण गर्नु,

(४) शालग्राम शिलाको प्रकृति तथा प्रकारको अध्ययन गर्नु,

(५) शालग्राम शिलाको चोरी, विक्रीवितरण तथा सङ्ग्रहालयको खोजी गर्न,

(६) कालीगण्डकी करिडोर तथा पर्यटकीय सम्भाव्यताको अध्ययन गर्नु ।

यिनै उद्देश्य प्राप्तिका लागि गरिएको प्रस्तुत अध्ययनबाट आएको निष्कर्षलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ । यसक्रममा यहाँ शालग्रामको पूजाविधि, महत्त्व तथा शालग्रामसँग सम्बन्धित भएर आएका अन्य पक्षको पनि सोदाहरण विश्लेषण गरिएको छ ।

## ३. अध्ययनविधि

नेपालको कालीगण्डकी नदीमा मात्र पाइने शालग्राम शिलाको अध्ययनमा केन्द्रित भएर गरिएको प्रस्तुत अनुसन्धानलाई पूर्णता दिनाका लागि मूलतः सन्दर्भ सामाग्री अध्ययन र स्थलगत अध्ययनबाट तथ्य सङ्कलन गरिएको हो । शालग्रामको परिचय, गण्डकी नदीको उत्पत्ति, शालग्रामको पूजाविधि, शालग्रामको प्रकार तथा प्रकृतिको अध्ययन गर्नाका लागि मूलतः शिव महापुराण, देवी भागवत् महापुराण, अग्नि पुराण, स्कन्ध पुराण,पद्म पुराण, वराह पुराणलगायतका पुराणहरूलाई आधार बनाइएको छ भने आवश्यकताअनुसार विभिन्न पुस्तक, जर्नल तथा अनुसन्धानात्मक पत्रिकाहरूलाई पनि उपयोग गरिएंको छ । त्यसैगरी यसमा शालग्रामका प्रकारहरूलाई देखाउन, विभिन्न शालग्राम सङ्ग्रहालयहरूको परिचय दिन तथा शालग्राम करिडोका बारेमा सम्भाव्य अध्ययन गर्न स्थलगत अध्ययनलाई आधार बनाइएको छ र स्थलगत अध्ययनका केही प्रमाणलाई यसै अध्ययनको अन्तिममा समावेश गरिएको छ। त्यस्तै यसमा शालग्राम शिलाको महिमा र विशेषताका बारेमा धर्म गुरुहरूसँग लिइएको विचारलाई वहाँहरूकै शब्दमा प्रतिवेदनको पछाडि राखिएको छ ।

## ४. दामोदर कुण्डको परिचय र महत्त्व



दामोदर कुण्ड मुक्तिनाथ क्षेत्रदेखि करिब १० किमि उत्तर मुस्ताङ जिल्लामा पर्ने प्रसिद्ध तीर्थस्थल हो । दामोदर हिमालको ताल भएकाले यसलाई दामोदर कुण्ड भनिएको हो । श्रीमदभागवतमहापुराणका अनुसार भगवान् श्रीकृष्णलाई बाल्यकालमा उनकी माताले दाम्लोले बाँधेको ठाउँ भएकोले सो तालको नाम दामोदर कुण्ड रहन गएको हो । यहाँ दामोदर कुण्डका अतिरिक्त अन्य कुण्ड पनि रहेका छन् । यहाँको कुण्डबाट बगेर आएको जल कागनदीका रूपमा मुक्तिनाथबाट आएकी गण्डकी नदीसँग मिल्ने भएकाले कागवेनी भनिएको हो (पन्थ, २०७६, पृ.८३) । दामोदर कुण्डको नाम कसरी रहेको हो र यसको महत्त्वके छ ?भन्ने बारेमा बराह पुराणमा उल्लेख पाइन्छ । बराह पुराणका अनुसार कुवेरका नल र कुवर नाम गरेका छोरालाई ऋषिको श्राप पर्छ र परिणामत: उनीहरू अर्जुन नामक वृक्ष हुनुपर्छ । पछि उनीहरूले पश्चाताप् गरेपछि श्रीकृष्ण अवतारमा मुक्ति हुने ऋषिको आज्ञा पनि हुन्छ । श्रीकृष्णावतारमा माता यशोदाले दही चोरेको निहुमा कृष्णलाई त्यही अर्जुन बृक्षमा बाध्छिन् र कृष्णको स्पर्शले उनीहरू पापमोचन भएर यथारूपमा प्रकट हुन्छन् । श्रीकृष्णले उनीहरूलाई दामोदर कुण्डमा स्नान गरेर मुक्ति भइने उपदेश दिन्छन् र उनीहरूले पनि भनेअनुसार स्नान गरेर मुक्ति भएको प्रसङ्ग बराह पुराणमा पाइन्छ । यहाँको जल स्पर्श गरियो भने मात्र मुक्ति भइन्छ भने स्नान गर्दा रोगसम्वन्धी भय नहुने र अकाल मृत्यु पनि नहुने प्रसङ्ग बराह पुराणमा छ । यसको महिमा के छ भन्ने कुरालाई यसै पुराणका तलकाश्लोकले स्पष्ट पारेका छन् :

तज्जलस्पर्शमात्रेण नरोमुच्यते किल्विपात् ।
स्नानाद्रोगभयं नैव नापमृत्यूद्भवं तथा ॥
न चोर नृपतोवाऽपि न वाताद्याधिदैविकम् ।
जलस्थलवनौकेभ्यो भूतेभ्योऽपि भयं नहि ॥

(अर्थात् दामोदर कुण्डको स्पर्श मात्रले मनुष्य पाप मुक्त हुन्छ भने स्नान गरियो भने रोगसम्बन्धी भय हुँदैन । त्यसै गरी अकाल मृत्युको पनि भय हुँदैन । त्यस्तै यस कुण्डमा स्नान गर्नाले चोर, राजा, चट्याङ, आँधी, तुफान तथा कुनै पनि दैवी विपत्ति र हिंस्रक पशु तथा सर्पादिबाट पनि डर हुँदैन ) ।

दामोदर कुण्डमा पितृकर्म गर्न पनि उत्तम हुन्छ । यस ठाउँमा पितृहरूलाई तर्पण दिँदा तिनका पितृहरू तृप्त भएर अघोर ( सौम्य या शिवस्वरूप मुक्त ) हुने प्रसङ्ग पाइन्छ । वराह पुराणमा नै भनिएको छ :

अथ चात्रैव पित्रर्थे पिण्डं यो निर्वपेन्नरः ।

सतर्पणमघोरा : स्युः पितरस्तस्य तर्पिता : ॥

(अर्थात् जसले दामोदर कुण्डमा गएर आफ्ना पितृहरूलाई यथाविधि पिण्ड दिन्छ त्यसका पितृहरू मुक्त भएर शिवस्वरूप प्राप्त गर्छन् ) ।

यसप्रकार कालीगण्डकीको उद्गम स्थान मानिने तथा शालग्राम क्षेत्रको समेत प्रसिद्धि पाएको दामोदर कुण्डको पौराणिक महत्त्व रहेको छ । मुक्तिनाथदेखि १० किमि उत्तर पर्ने यस ठाउँमा जान असुविधा भएकाले भक्तजनहरू मुक्तिनाथबाटै फर्किने गरेको पाइन्छ । मुक्तिनाथ धाम दर्शन गर्न गएका भक्तजनहरूलाई त्यहाँसम्म पुऱ्याउन सकियो भने यसले नेपालको धार्मिक तथा पर्यटकीय दृष्टिले राम्रो स्थान बनाउँछ ।

## ५. गण्डकी नदीको उत्पत्ति



कुनै समयमा मुक्तिनाथ क्षेत्रमा भगवान् विष्णुले लोकको हितका लागि कठोर तपस्या गर्नुभएको थियो । तपस्या गर्दागर्दै धेरै समय वितेपछि अत्यन्त तेज प्रकट भयो र चराचर जगत्नै सन्तप्त भयो । विष्णुकै तपस्याको प्रभावका कारण भगवान्को गण्डस्थलबाट अत्यन्त पसिना निस्कन थाल्यो र भगवान्कै पसिनाबाट गण्डकी नदी बनिन् भन्ने प्रमाणका रूपमा वराह पुराणको तलको श्लोकलाई लिन सकिन्छ :

ततो बहुतिथे काले याते सति तपस्यतः ।
तीव्रं तेजः प्रादुरासीद्येन लोकाश्चराचराः ॥
तस्योष्णमा समुद्भुताः स्वेदपुरस्तु गण्डयोः ।
तेन जाता धुनी दिव्या लोकानामघहारिणी ॥

माथिको श्लोकले भगवान् विष्णुको गण्डस्थानबाट गण्डकी नदीको उत्पत्ति भएको हो भन्ने कुरालाई पुष्टि गरेको छ । केही समयपछि त्यस ठाउँबाट एउटा उज्यालो ज्योतिपुञ्ज निस्कन थाल्यो । त्यसपछि सोही ठाउँबाट नै मधुर स्वर पनि आउन थाल्यो । त्यहाँ आएको त्यसप्रकारको परिवर्तनलाई देखेर भगवान् शिव र भगवान् ब्रह्मा त्यो के रहेछ ? भनी भगवान् विष्णुले तपस्या गरेको ठाउँमा आउनुहुन्छ । भगवान् विष्णुले पनि शिवकै तपस्या गरेर वस्नुभएको थियो । अकस्मात् शिवलाई त्यहाँ देख्दा विष्णुको खुसीको सीमा रहँदैन र भगवान् विष्णु भन्नुहुन्छ : हे नाथ ! लोकहितको लागि तपाईंको दर्शनको अभिभाषा र तपाईंबाट वर प्राप्त गर्ने इच्छाले मैले तपस्या गरेको हुँ । आज हजुरको दर्शन पाएँ, म निकै आनन्दित भएको छु । त्यसको प्रत्युत्तरमा भगवान् शिव भन्नुहुन्छ :

मुक्ति क्षेत्रमिदं देव दर्शनादेव मुक्तिदम् ।
गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा ॥
भविष्यति न सन्देहो यस्या गर्भे भविष्यसि ।
त्वयि स्थिते जगन्नाथे तव सान्निध्यकारणात् ।
अहं ब्रह्मा च देवाश्च ऋषिभिः सह केशवः ॥
सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाच्युत ।
वसिष्याम सहैवात्र गण्डक्यां जगतः प्रभो ॥
कार्तिके सकलं मासं यः स्नास्यति नरः प्रभो ।

सर्वपापविनिर्मुक्तो मुक्तिभागी न संशयः ॥
तीर्थानां परमं तीर्थं मङ्गलानाञ्चमङ्गलम् ।
यत्र स्नानेन लभ्यते गङ्गास्नानफलं नरैः ॥

हे विष्णु ! यो मुक्ति क्षेत्र हो । यहाँ आएर दर्शनमात्र गरे पनि भक्तहरूको मुक्ति हुन्छ । भविष्यमा यही नदीमा शिलारूप भएर हजुरले निवास गर्नु हुनेछ । हजुरको सान्निध्यका कारणले म, ब्रह्माजी, देवतागण तथा ऋषिहरू, यज्ञ, वेद, तीर्थसमेत यही हजुरको निकटमा रहनेछौं । परम पावनी गण्डकीमा जसले स्नान गर्छ, त्यसले परमपद प्राप्त गर्नेछ । यसलाई तीर्थमा पनि परम तीर्थ मानिने छ र यसमा स्नान गर्नाले भागीरथी नदीमा स्नान गरेका फल मिल्नेछ भनेर भगवान् शिवले गण्डकी नदीको महत्त्वका बारेमा बताउनुहुन्छ । यसरी भगवान् शिव स्वयंले यस क्षेत्रलाई मुक्ति क्षेत्र भनेको हुनाले यसलाई मुक्तिक्षेत्र भनेर भनिएको हो ।

विश्वमा रहेका असङ्ख्य नदीहरूमध्ये कृष्णागण्डकीको महत्त्व सर्वोपरि रहेको छ । यसको महत्त्व हुनाको मुख्य कारण यसमा पाइने शालग्रामशिला हो । पुराणहरूमा मुक्तिनाथ (काली गण्डकीको उद्गमस्थल) देखि लिएर हरिहर क्षेत्र (कालीगण्डकी र भागीरथीको सङ्गम) सम्मको भूभागलाई शालग्राम क्षेत्र भनिन्छ । कालीगण्डकी नदीमा चक्राङ्कित शालग्राम पाइने हुँनाले यसलाई चक्रनदी पनि भनिन्छ । मुक्तिक्षेत्रदेखि देवघाटसम्मको पहाडी भागलाई शालग्राम क्षेत्र, शालग्राम गिरि, शालग्राम पर्वत आदि नामले पनि पुकारिन्छ (पन्थी, २०४१, पृ. २०५) । वराह पुराण गण्डकीको महत्त्व बताउने पुराणहरूमध्ये सबैभन्दा अग्रपङ्क्तिमा पर्छ । वराह पुराणमा मुक्तिक्षेत्रदेखि त्रिवेणीसम्मको भूभाग बाह्रयोजन भएको र त्यहाँसम्मको पूरै क्षेत्रमा शालग्राम पाइने भएकाले शालग्राम क्षेत्र भनिएको हो भन्ने उल्लेख पाइन्छ । वराहअन्तर्गत १५५ अध्यायमा भगवान् नारायण भन्नुहुन्छ :

चक्राङ्कितशिला यत्र तिष्ठते वरवर्णिनि ।
तत्क्षेत्रं विद्धि वसुधे समन्ताद् योनजत्रयम् । ५४।
तत्र स्नानं तु कुर्वीत त्रिरात्रोपोषितो नरः ।
त्रयाणामपि यज्ञानां फलं प्राप्नोति मानवः ।५५ ।

(अर्थ : यस क्षेत्रमा चक्रस्वामी नाम गरेको मेरो तीर्थ छ । त्यहाँ यताउता छरिएका चक्राङ्कित शिलाहरू देखिन्छन् । जहाँ चक्राङ्कित शिलाहरू रहेका छन् त्यो ३ योजन विस्तारमा फैलिएको छ । त्यस ठाउँमा जुन मनुष्यले ३ राती उपवास बसेर स्नान गर्छ त्यसले तीन वाजपेय यज्ञको फल प्राप्त गर्छ ) माथिका दुई श्लोकका अनुसार चक्राङ्कित शीला पाइने ठाउँ गण्डकी नदी भएको र नदीको तीन योजन वरपर शालग्राम शिला पाइन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## ५.मुक्तिनाथ क्षेत्रको परिचय र महत्त्व

मुक्तिनाथ क्षेत्रलाई धार्मिक दृष्टिले विश्वको सबैभन्दा महत्त्वपूर्ण क्षेत्र मानिन्छ । मनुष्य पुण्यप्राप्तिका लागि संसारका जुन सुकै क्षेत्रमा गए पनि अन्त्यमा मुक्तिनाथ क्षेत्रमा नआइकन मुक्ति हुँदैन शास्त्रोक्त मान्यता रहेको छ । यस सम्वन्धमा शिवपुराणमा लेखिएको छ :

प्रथमतो मुक्तिनाथं रुरुक्षेत्रं ततः परम् ।
ततः पाशुपतं क्षेत्रं ततो बाराह सज्ञकम् ॥

(अर्थः मुक्तिनाथ, रुरु, पाशुपत र बाराह क्षेत्रको निकै महत्त्व रहेको छ )

मुक्तिनाथ क्षेत्र, रुरुक्षेत्र, पाशुपत क्षेत्र र वराह क्षेत्रको महत्त्व सर्वोपरि भएको कुरा प्रस्तुत श्लोकले स्पष्ट पारेको छ । यो क्षेत्र मनुष्यका लागि मात्र होइन, देवताका लागि पनि दुर्लभ छ । प्राचीनकालमा मुक्तिपर्वतका वीचमा व्रह्माजीले ठूलो तपस्या गर्नुभयो । यसै क्षेत्रमा व्रह्माले पनि योग नामक यज्ञ गरेको उल्लेख पाइन्छ (पन्थ, २०७६,पृ.७७) । यसै कारणले यसको नाम मुक्तिक्षेत्र रहेको हो । यज्ञको समयमा यहाँ भगवान् शिव अग्निका रूपमा, भगवान् विष्णु जलका रूपमा तथा भगवान् व्रह्मा होताका रूपमा रहेर यज्ञ सम्पन्न गरेको प्रमाण ग्रन्थहरूमा उल्लेख पाइन्छ ।

स्कन्ध पुराणमा भनिएको छ :

विष्णुमूर्ति जलं विद्याद्रुद्रमूर्ति तथानलम् ।
आवाह्या तौ तयोर्व्रह्मा हुतवान् घृतपायसम् ॥

(अर्थः ती देवताहरूमध्ये भगवान् विष्णु जलरूप, भगवान् शिव अग्निरूप र भगवान् ब्रह्मा स्वयं होता रूप बनेर जलमा विष्णुलाई र अग्निमा शिवलाई आह्वान गरेर घिउ र खीरले हवन गर्नुभयो )।




मुक्तिनाथमा आज पनि अग्नि र जल एकै ठाउँमा देखिएबाट यो कुरा पुष्टि हुन्छ। यस क्षेत्रको महत्त्व अनन्त रहेको छ। यहाँको पापकुण्डमा गएर डुबुल्की मार्नाले महापापीले पनि सद्गति प्राप्त गर्छन् भन्ने कुरा पुराणहरूमा वर्णन गरिएको छ।

मुक्तिक्षेत्रमा आएर स्नान गरियो भने ब्रह्महत्या, गौहत्या, स्त्रीहत्या र भ्रूणहत्या जस्ता चारप्रकारका पापबाट मुक्ति भइन्छ भन्ने मान्यता रहेको छ। यस क्षेत्रमा विशाल शिवलिङ्ग पनि रहेको छ जसको दर्शन तथा पूजाअर्चना गर्नाले भुक्ति र मुक्ति दुवै पाइन्छ। यस कुरालाई शिवमहापुराणमा यसरी उल्लेख गरिएको छ :

तत्रासन् मुक्तिनाथाख्यं शिवलिङ्गं महद्भुतम् ।

दर्शनादर्चनात्तस्य भुक्तिमुक्तिश्च लभ्यते ॥

यहाँ ब्रह्माद्वारा गरिएको यज्ञलाई विशेष मानिन्छ। विशेषतः यज्ञ गर्ने परम्परा पनि यहीबाट सुरु भयो। कुनै पनि यज्ञ गर्दा देवताहरूलाई यज्ञमण्डवमा आह्वान गरिन्छ अनि विभिन्न वेदोक्त मन्त्रद्वारा देवताहरूलाई हवन गरिन्छ र त्यो प्राप्त गरेर देवताहरू खुसी भई वरदान दिन्छन् भन्ने मान्यता रहेको छ। ब्रह्माजीले यही क्षेत्रमा पहिलो पटक यसप्रकारको यज्ञ गरेको हुनाले यस क्षेत्रको महिमा बढेको हो। यस क्षेत्रमा हंशकुण्डका अतिरिक्त अनेक अनेक कुण्ड रहेका छन्। पछि यही कुण्डबाट आउने जललाई एकत्रित गरेर १०८ धारा पनि बनाइयो। अहिले भक्तजनहरू यही धारामा स्नान गरेर भगवान् मुक्तिनाथको दर्शन गरेर

कृतकृत हुन्छन् । यही धाराबाट बगेर एकत्रित भएको जलराशी नै गण्डकी हो । मुक्तिनाथ क्षेत्रमा एउटा सुन्दर मन्दिर रहेको छ । त्यस मन्दिरभित्र चतुर्वाहु भएका भगवान् नारायणको मूर्ति छ । भगवान्लाई चाँदीको श्रीपेच लगाइएको छ । विष्णुको मूर्तिको दायाँबायाँ लक्ष्मी र सरस्वतीको सुन्दर मूर्ति छ ।

मुक्तिनाथ क्षेत्रमा भगवान् शिव अग्निरूपमा, विष्णु जल रूपमा र व्रह्मा होताका रूपमा रहेकाले यस क्षेत्रको महिमा अतुलनीय भएको हो । यसै क्षेत्रमा देव, ऋषि, किन्नर, गन्धर्व, अप्सरा आदि सबै अनेक रूपमा निवास गर्ने कुराको प्रसङ्ग पनि स्कन्ध पुराणमा पाइन्छ । कतिपय देवताहरू पत्थर रूपमा, कतिपय विभिन्न जातिका पिपलका रूपमा त कतिपय जल रूपमा रहन्छन् । यही ठाउँमा सेतो खीरको रूपमा पहाड पनि रहेको छ । त्यो पहाडको पौराणिक महत्त्व पनि छ । त्यो महत्त्व के हो भने धेरैपहिला त्यही ठाउँमा व्रह्माजीले यज्ञ गर्दा केही पायस यज्ञभन्दा वाहिर परेको थियो । त्यसप्रकारको शेष पायसमा भगवान् रूद्रको अधिकार हुन्छ र पछि त्यही पायसवाट विशाल पर्वत वनेको प्रमाण शास्त्रमा पाइन्छ :

हवनादवशिष्टन्तु रूद्रभागेन कल्पितम् ।

दृश्यते शैलरूपेण क्षिप्तं तत्पायसं हविः ॥

(अर्थ : हवन गर्दा यज्ञकुण्ड वाहिर परेको र शेष हविमा भगवान् रूद्रको अधिकार हुन्छ र त्यहाँ त्यो शेष हवि अहिले पर्वतका रूपमा देखिन्छ) ।

यसरी अहिले पनि देखिने वा विद्यमान त्यो पहाडलाई भक्तजनहरू भगवान् शिवको प्रसाद सम्झेर घर लिएर आउँछन् । यसप्रकारको परमपावनी मुक्तिनाथ क्षेत्रको महत्त्व अवर्णनीय रहेको छ । मुक्तिनाथ क्षेत्रमा रहेको धारामा स्नान गर्नाले सातजन्मसम्म गरेका पापहरू नाश हुन्छन् । अझ जेष्ठ मासको शुक्लपक्षको दशमी (दशहरा) मा स्नान गर्नाले मुक्ति भइन्छ ।मुक्तिनाथमा माघे सक्रान्तिमा गरिएको स्नानको विशेष महत्त्व रहेको छ । स्कन्ध पुराणमा भनिएको छ :

जेष्ठस्य शुक्लपक्षस्य दशस्यां स्नाति तत्र यः ।

कोटिजन्मार्जितैः पापैः स मुक्तो नात्र संशयः ॥

अथवा मकराख्यायां सङ्क्रान्तौ स्नाति तत्र यः ।

सर्वपापैर्विनिर्मुक्तः प्राप्नोति परमं पदम् ॥

(अर्थ : दशहरा र मकर सङ्क्रान्तिमा मुक्तिक्षेत्रमा स्नान गर्नाले यसभन्दा अगाडि गरिएका सवै पापवाट मुक्त भइन्छ )।

मुक्तिक्षेत्रमा जप, दान,हवन गर्नाले पुनः जन्म हुँदैन । स्त्रीजतिले स्नान गरे भने मनवाञ्छित फल प्राप्त हुन्छ भन्ने मान्यता पनि पुराणहरूमा पाइन्छ ।

पर्यटकीय दृष्टिले पनि मुक्तिनाथ क्षेत्रको विशेष महत्त्व छ ।यस क्षेत्रमा रहेका विचित्र गुफा, शालग्राम शिला, मुक्तिनाथ मन्दिर, हिमाली दृश्य तथा गहिरागहिरा गल्छी पर्यटकहरूका आकर्षकका स्रोत हुन् । विशेष गरेर मुक्तिनाथ मन्दिरमा हिन्दू र वौद्ध दुवै धर्म मान्ने पुजारी छन्, यसले गर्दा हिन्दू र वौद्ध धर्मावलम्वीहरूको सामूहिक आस्थाको केन्द्र पनि बनेको छ ।

## ६. रुरु क्षेत्रको महत्त्व

लुम्विनी प्रदेशको गुल्मी, पाल्पा र गण्डकी प्रदेशको स्याङजा जिल्लाको संगम स्थल रिडी रुरु कन्याको नामवाट रहन गएको हो । नेपालको चार धाम मध्येको एक र नेपालको वनारस भनेर चिनिने रुरु क्षेत्र धार्मिक पर्यटकीय गन्तव्य पनि हो । यो लुम्विनी प्रदेशको पाल्पा र गुल्मी तथा गण्डकी प्रदेशको स्याङ्जाको सङ्गममा पर्छ तर पनि अधिकांश भूभाग भने पाल्पा र गुल्मीको सङ्गममा रहेको छ । यस क्षेत्रका बारेमा विभिन्न पुराणहरूमा चर्चा गरिएको छ । यसलाई नेपालको वाराणसी पनि भनिने भएकाले यस क्षेत्रमा मृत्यु भयो भने मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता रहेको छ । रुरु क्षेत्र धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्वको धरोहर मानिन्छ । रुरु अर्थात् रिडीमा पितृमोक्षका लागि अन्तिम संस्कार, श्राद्धजस्ता कार्यमात्र होइन विवाह, व्रतवन्ध जस्ता शुभ कार्य पनि हुने गर्दछन । लुम्विनी प्रदेशको रुरु क्षेत्रमा मृतकहरुको अस्तु सेलाउन पनि मानिसहरु पुग्दछन् । पुराणहरूमा यसलाई

मुक्ति क्षेत्रका रूपमा वर्णन गरिएको छ । वराह पुराणका अनुसार हजारौं वर्ष पहिल्या भृगुवंशी देवदत्त ऋषिले यस क्षेत्रमा दिव्य बाह्रहजार वर्ष तपस्या गरेका थिए । उनको तपस्याले इन्द्रको आसन डगमगायो र उनी भयभित भएछन् । ऋषिको तपस्यालाई बिथोल्न इन्द्रले प्रम्लोचा अप्सरासँगै मलयवायु, वसन्त, गन्धर्व र कामदेवलाई पठाउँ । उनीहरू गएर देवदत्त ऋषिको तपस्यन भंग गरिदिन्छन् । त्यसपछि देवदत्त ऋषिले प्रम्लोचा नामक अप्सरासँग विवाह गरेर दिन बिताउँछन् र उनीबाट रुरु नाम गरेकी कन्याको पनि जन्म भयो उनी केहीसमयपछि अप्सराले रुरु कन्यालाई त्यही छोडेर आफू स्वर्गतिर लाग्छिन् । त्यस घटनाले ऋषिलाई घोर पश्चाताप हुन्छ र पछि उनी रिडी नजिकै रहेको स्याङ्जा जिल्लामा अवस्थित भृगुतुङ्ग गुफामा शिवको तपस्या गर्छन् । लामो तपस्याको परिणाम स्वरूप उनले शिवको दर्शन पाउँछन् । शिवले प्रशन्न भएर ऋषिलाई भन्छन् : 'हे ऋषि! तिमीले पहिला भगवान् विष्णु र मलाई फरकफरक देख्यौ, तिमीले हामीलाई फरकफरक सम्झियौ त्यसैले तिमीले पहिला गरेको तपस्या भङ्ग भयो । अहिले तिमीले हामीलाई अद्वैत सम्झेर तपस्या गरेको हुँनाले तिम्रो तपस्या पूरा भयो । अब तिमीले वर' माग भन्दा उनले शिव पद माग्छन् र शिवले तथास्तु भनेर वरदान दिन्छन् । अर्कोतिर प्रम्लोचा नामक अप्सराले छोडेर गएकी कन्यालाई रुरु नामक मृगले आफ्नो दूध ख्वाएर पालनपोषण गर्छन् र उनी क्रमशः हुर्किँदै पनि जान्छिन् । उनले पछि गएर आफ्नो जन्मको कथा पनि थाहा पाउँछिन् । त्यसपछि उनले पनि आफ्नो पिताजीले नै तपस्या गरेको ठाउँ भृगुतुङ्गमा गएर भगवान् नारायणको कठोर तपस्या गर्छिन् । उनको तपस्याबाट प्रशन्न भएर ऋषिकेशले दर्शन दिई इच्छा लागेको वर माग्न भन्दा उनले दुईवटा वर माग्छिन् । (१) यो पुण्य क्षेत्रको नाम मेरै नामबाट प्रख्यात होस् (२) भगवान् ऋषिकेशको निवास सदासर्वदा यही ठाउँमा होस् । त्यसपछि भगवान्ले तथाऽस्तु अन्तर्ध्यान हुनुभयो। त्यहीं ठाउँ आज रुरु क्षेत्रका रूपमा प्रख्यात छ भने भगवान् ऋषिकेशको निवास ऋषिकेश मन्दिरमा रहेको कुरा पुराणहरूमा पाइन्छ ।

रुरु क्षेत्रमा कालिगण्डकीमा स्नान गरी ऋषिकेश मन्दिरमा, देवदत्त ऋषि तथा रुरुकन्या मुर्तिको पूजाआजा गरेमा मोक्ष प्राप्ति हुने विश्वासले विर्याभिक्षुकहरू पुग्ने गर्दछन् । माघे संक्रान्तिमा मेला लाग्ने रुरु क्षेत्रमा देवदत्त ऋषिले तपस्या गरेर रुरु कन्याको जन्म भएको र ती कन्यालाई मृगहरुले दूध खुवाई हुर्काएको र विष्णुले चतुर्बाहु रूप लिएका थिए । माघे संक्रान्ति धार्मिक पर्यटकहरुको लागि रमाउने पर्व हो । सूर्य धनु राशिबाट मकर राशीमा

प्रवेश गर्ने र उत्तरायण प्रारम्भ हुने यो दिन धार्मिक हिसाबले महत्वपूर्ण पर्व मानिन्छ । यसै दिनदेखि सूर्य क्रमशः दक्षिणबाट उत्तरतिर सर्दै जाने र रातभन्दा दिन लामो हुँदै जानेक्रम सुरु हुन्छ । विशेष गरी घ्यू, चाकु, तिल, काँचो अदुवाको स-साना टुक्रा, तरुल र मासका बिभिन्न खाद्य परिकारका खाने पर्वको रूपमा माघे सक्रान्तिलाई लिने गरिन्छ ।

रुरु क्षेत्रमा प्राचीन ऋषिकेश मन्दिर, भृगुतुङ्गेश्वर महादेवको गुफा, अचम्मेश्वर, रुरु कन्या मन्दिर अर्थात् गलफूल गुफा, यज्ञमुक्तेश्वर महादेव, रुद्रवेणी, मणिमुकुन्देश्वर महादेव, कञ्चनेश्वर महादेव, लक्ष्मीनारायण मन्दिर, राम जानकी मन्दिर, रुरु कन्याले तपस्या गरेको गुफा, भीमसेन थापाद्वारा आफ्नी आमाको स्मृतिमा बनाएको पौवालगायतका ऐतिहासिक धार्मिकस्थल रिडीमा रहेको छन् ।

रिडी नजिकै उत्तरपट्टि भृगुतुंग नामक गुफा रहेको छ । भृगुतुंग गुफामा भगवान् शिवले सतीदेवीको शव बोकेर भ्रमण गर्दै जाँदा उपल्लो दांत पतन भएको मान्यता रहेको छ । जुनश्रीस्वस्थानी मध्यराक्षुकहरुको महात्म्यमा ब्याख्या गरिएको छ । त्यस ठाउमा खासगरी माघे सक्रान्ति र शिबरात्रीमामा पर्यटकहरुको भिड हुने गर्दछ। भृगुतुंग नामक गुफा स्याङजा जिल्लामा पर्दछ । रिडीमा जाने पर्यटक गुल्मी जिल्लाको थोर्गा तर्फको भागमा रहेको गलफूलगुफा पनि पुग्दछन् । गलफूलगुफा रिडी बजारबाट पाचँसय मिटर माथि रहेको छ । रुरु क्षेत्रमा साना ठूला गरेर १ सय भन्दा बढी मन्दिर र केही गुफा पनि छन् । जहाँ दैनिक पूजा आजा गरिन्छ । (रिडीको पहीचान बन्दै थोर्गेली चाकु (गुण) को लागि पनि प्रसिद्ध रहेको छ । रिडीको थोर्गामा बन्ने यो चाकु देश तथा विदेशका विभिन्न स्थानहरूमा निर्यात हुने गरेको छ । योबाहेक रुकुम र बाग्लुङ जिल्लाबाट आएको कम्मल, काम्ला, राडी पाखी, बाँस तथा चोयाबाट निर्मित सामग्रीहरू,ओखरका घाँजी लगायतका वस्तुहरू किन्न सकिन्छ ।)

कालीगण्डकीको तटमा रहेको रिडी बजारलाई २०१८ सालमा आएको भिषण बाढीले पूरै ध्वस्त बनाएको थियो । त्यस बेला रिडीका ऐतिहासिक धार्मिक महत्त्वका सम्पदाहरूका साथै ठूलो धनजनको क्षति भएको थियो । बिनासपछि बनेको घरहरू, मन्दिर, पाटी, पौवा र बगैचाहरुले रिडीलाई सौन्दर्यता दिन थालेको छ । रुरु क्षेत्रको तीर्थाटन गरेपछि धेरै पर्यटकहरु गुल्मीको रेसुङा पुग्ने गर्दछन । स्वामी शशिधर, लक्ष्मीनारायण तथा यदुकानन्दको तपोभूमि

रेसुङगामा धार्मिक मठ मन्दिरहरु, प्यागोडा शैलीमा निर्माण गरिएको यज्ञशाला, होमकुण्ड, शिवलिङग जस्ता धार्मिक स्थलले पर्यटकहरू रमाउँछन् ।

मुस्ताङको दामोदर कुण्डवाट वग्दै आउने मुस्ताङ खोला र मुक्तिनाथ मन्दिरमा उत्पत्ति हुने काग खोला कागवेनीमा मिसिन्छ । त्यसपछि नदीलाई कालीगण्डकी भनिन्छ । म्याग्दीको गलेश्वरमा राहुघाट पर्वतको कुश्मा नजिकै मोदीघाट, जैमिनी घाट, एशियाकै ठूलो शालग्राम शिला रहेको दक्षिण पर्वतको सेतीवेणी, रुद्रवेनी, रिडी, रानीदरवार, राम्दी, हुगी, केलादी, घुमाउरी घाट र देवघाटमा समेत माघे सक्रान्तीमा धेरै तीर्थाटनका पर्यटकहरू स्नान गर्न पुग्दछन् ।

नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउन २० लाख विदेशी पर्यटक नेपालमा भित्राउने लक्ष्य राखेको थियो । पर्यटकहरूका लागि यो वर्ष ७७ वटै जिल्लाका विभिन्न नयाँ स्थानलाई नयाँ पर्यटकीयस्थल तोकेको छ। तर रुरु क्षेत्र भने सरकारको दृष्टिकोकोणमा पर्यटकीयस्थल वनेको थिएन । रिडी जस्तो पौराणिक इतिहास वोकेको धार्मिक स्थललाई पर्यटनको दृष्टिकोणमा स्थलको छनौटभित्र नपर्दा पर्यटनको क्षेत्रमा रिडी पछाडि पारिएको छ । अर्कोतर्फ नेपालमै नमुनाको रूपमा रिडीमा वन्न लागेको तिनमुखे झुलुङ पुल आजसम्म वन्न सकेको छैन । गुल्मी, पाल्पा र स्याङजा जोडने पुलका तीनवटै मुख मोटरवाटोको नजिकै रहने नक्सामा उल्लेख छ । तीन जिल्लालाई जोडने कालीगण्डकीको रिडीमा निर्माण हुन लागेको तीन मुखे  खोलाङगे पुलको निर्माण सम्पन्न भएपछि तीर्थाटन पर्यटकहरुलाई थप सुविधा हुनेछ ।

## ७. रुरु क्षेत्र, शालग्राम शिला र शालग्राम





रुरु क्षेत्रमा ऋषिकेश मन्दिरको धार्मिक, महत्त्व रहेको छ । ऋषिकेशलाई यसरी विग्रह गरिन्छ : हृषीकानां ईशः हृषीकेशः अर्थात् इन्द्रियहरूको नियामक अर्थात् मालिक । यही ऋषिकेशका नामले हजारौ वर्ष गण्डकीको गर्भमा शङ्ख, चक्र, गदा र पद्मसहित भएको भगवान्को मूर्तिलाई तत्कालीन पाल्पाका राजा मणिमुकुन्द सेनले सोही ठाउँमै कमलको फूलजस्तो मन्दिर बनाई स्थापना गरेका हुन् । राजालाई सपनामा भगवान् ऋषिकेशले दीक्षा दिएर आफू त्यो ठाउँलाई छोडेर कतै नजाने भनेकाले त्यहीँ भगवान् ऋषिकेशको मन्दिर बनाइएको हो (पन्थ, २०७६, पृ. ९०) । भगवान्को साक्षात् विग्रहका रूपमा रहेको शालग्राम शिलाबाट बनेको मूर्ति राजा मुकुन्द सेनले गण्डकीमा स्नान गर्दा फेला पारेका हुन् । यो शालग्राममय मूर्ति अकृत्रिम, अपौरुषेय, तथा भव्य रहेको छ (पन्थ, २०७६, पृ.९०) । संसारको कुनै पनि मन्दिरमा यसप्रकारको दिव्य तथा अलौकिक मूर्ति देखिँदैन । आज यस मन्दिरमा भगवान् ऋषिकेशको दर्शन गर्न तथा मन्दिर वरिपरिको कला हेर्न दैनिक रूपमा सयौ भक्तजनहरूको तथा पर्यटकहरूको भिड लाग्छ । विशेष गरेर मकर सङ्क्रान्ति, माघे औशी, वैशाखे सङ्क्रान्ति र अन्य विभिन्न समयमा लाखौ स्वदेशी तथा विदेशी भक्तजनहरूको भिड लाग्छ । विशेषतः माघे सङ्क्रान्तिमा गुल्मी, पाल्पा, अर्घाखाँची, वाग्लुङ, रूपन्देही, नवलपरासी, कपिलवस्तु, दाङ, वाग्लुङ् तथा अन्यविभिन्न जिल्लावाट गण्डकीको स्नान गर्न तथा ऋषिकेशको दर्शन गर्न भक्तजनहरू भेला हुन्छन् ।

रुरुक्षेत्रलाई धार्मिक पर्यटनका रूपमा विकास गर्न शालग्राम शिलाको महत्त्वपूर्ण भूमिका हुन सक्छ । यसको विकास गर्न निम्नासारका कुरामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ :

(१) १६ औ शताब्दीमा राजा मणिमुकुन्द सेनले गण्डकीमा स्नान गर्दा प्राप्त गरेको शालग्राम शिला नै ऋषिकेश भगवानका रूपमा रहेकाले रिडीमा शालग्राम सङ्ग्राहालय बनाउन धार्मिक तथा पर्यटकीय दृष्टिले उपयुक्त हुन्छ ।

(२) रिडीमा रिडी खोला र कालीगण्डकी मिसिएको छ । कालीगण्डकी र रिडी खोलाको दोभान नै रिडी अर्थात् रुरुक्षेत्र हो । दोभानमा स्नान गर्दा विशेष पुण्य प्राप्त हुने भएकाले भक्तजनहरू त्यस क्षेत्रमा स्नान गर्न आउँछन् । त्यहाँ शालग्रामको सङ्ग्रालय बनाउँदा अझ यसको महत्त्व बढ्ने भएकाले शालग्राम सङ्ग्रहालय बनाउन आवश्यक छ ।

(३) रुरुक्षेत्रमा अर्घली, कुसेनी, सत्यवती, रुद्रवेणी, अस्लेवा र वेनी गाउँहरू पर्दछन् । ती गाउँका सेरोफेरोमा बग्ने गण्डकीमा शालग्राम पाइने भएकाले यस क्षेत्रलाई शालग्राम सङ्ग्रहालयका रूपमा विकास गर्नुपर्छ ।

(४) रिडी अथवा रुरुक्षेत्रको महिमा हिमवत्खण्ड र वराह पुराणमा पाइन्छ । विष्णुको स्वरूप शालग्राम पाइने हुनाले रुरुक्षेत्रको विशेष महत्त्व रहेको छ ।

(५) रुरु क्षेत्रमा राधाकृष्ण, विष्णु, राम,शिव, भगवती, हनुमान्लगायतका थुप्रै देवीदेवताका मूर्ति र मन्दिरहरूसमेत छन् । सनातन हिन्दू परम्परामा अरू देवताका प्रतीकका रूपमा पनि शालग्रामको पूजा गर्ने परम्परा रहेकाले जुन सुकै देवतालाई इष्ट देवता मान्ने मान्छे पनि आउने सम्भावना रहने भएकाले रुरु क्षेत्रलाई शालग्राम सङ्ग्रहालयका रूपमा विकास गर्नुपर्छ ।

(६) रुरु क्षेत्रमा नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत रुरु संस्कृत विद्यापीठ पनि रहेको छ , जहाँ संस्कृतका विभिन्न विषयको पठनपाठन हुन्छ । शालग्राम शिलाको चर्चा विभिन्न पुराणहरूमा गरिएकाले र शालग्रामको अनुसन्धाना विश्लेषण यसै क्षेत्रमा हुन सक्ने भएकाले यस क्षेत्रमा शालग्राम शिलाको सङ्ग्रहालय राख्नु पर्छ र शालग्राम क्षेत्रका रूपमा विश्वका धार्मिक पर्यटकहरूको गन्तव्यका रूपमा विकास गर्नुपर्छ ।

रुरु क्षेत्रको महिमा धार्मिक तथा पर्यटकीय दृष्टिले त छँदैछ, व्यापारिक दृष्टिले पनि रहेको छ । माघे सङ्क्रान्तिमा व्यापार गर्न वर्षदिन भरि काम्ला बुन्ने, उँखुको गुण बनाउने

चलन अद्यापि छँदैछ । रिडी बजार, थोर्गा, अर्गली, तानसेन तथा त्यस वरिपरिका क्षेत्रका मान्छेले माघे सक्रान्तिमा तीन दिन व्यापार गरेर वर्षदिन भरि खान पुऱ्याउने गरेको कुरा त्यहाँका स्थानीयहरूले गर्ने गरेका छन् । यस दृष्टिले यस क्षेत्रको धार्मिक, आर्थिक तथा पर्यटकीय महत्त्व रहेको कुरा स्पष्ट हुन्छ ।

## ८. राम्दीघाट र उत्तरबाहिनी

उत्तरतर्फ फर्केर बग्ने नदीको विशेष महत्त्व हुन्छ । कालीगण्डकी नदी राम्दीघाटवाट अगाडि बग्ने क्रममा मालुङ्गाको सेरोफेरोमा उत्तरतर्फ फर्केर बगेको देखिन्छ । त्यसैलाई उत्तरवाहिनी भनिन्छ । काशीमा उत्तरवाहिनी गंगाको जस्तो महत्त्व छ, मालुङ्गाकी उत्तरवाहिनी गण्डकीको पनि त्यस्तै महत्त्व रहेको छ । यसको महत्वका वारेमा हिन्दूधर्मावलम्वीलाई वुझाउन नसक्नुले यस ठाउँले आशातीत प्रगति गर्न सकेको छैन । अहिले कालीगण्डकीप्रतिष्ठानको माध्यमवाट उत्तरवाहिनीको महत्त्व वारे सवैलाई सुसूचितगर्ने अभियानको सुरुवात गरेको यस ठाउँको महत्त्वलाई विश्वसामु फैलाउने अभियानमा लाग्नु भएका चैतन्यकृष्णले वताउनु हुन्छ । यसै क्षेत्रमाभगवान् रामआएर तीनमहिना बसेकाले स्याङ्जा र पाल्पाको संगम स्थलमा 'राम्दी'नाम रहेको जनविश्वास छ । यस ठाउँमा राक्षसले वन्धकवनाएर राखेका १६ हजार ४ कन्याको उद्धार गरेर अर्को जन्ममा तिमीहरूलाई म स्वीकार गर्छु भनी कृष्ण अवतारमा १६ हजार ४ रानीभएको प्रसङ्गसँगयसको इतिहास जोडिएको कुरा पनि सुनिन्छ ।त्यसैगरी यसै ठाउँमा ऋषिमार्कण्डयको जन्मभएको र उनकापिता मृकन्डुले यहाँतपस्या गरेपछि भगवान् नारायणवाट पुत्रको वरदानप्राप्त गरेर मार्कण्डयको जन्म भएको धार्मिक ग्रन्थमा उल्लेख छ । पिताको तपस्यापश्चात् १६ वर्षको आयु लिएर जन्मिएका मार्कण्डयले आयु बढाउन र मृत्युलाई जित्न महामृत्युञ्जयको साधना यसै ठाउँमा गरेको र चिरञ्जीवी बनेको धार्मिक विश्वास छ । विभिन्नधर्मग्रन्थमाउल्लेख भएअनुसार गयामा गएर श्राद्ध गरेकोभन्दा एक अर्व गुणा बढी र प्रयाग-कुरुक्षेत्र-नैमिसारखण्डमा भन्दा तीन अरब गुणा बढी फल यस क्षेत्रमा श्राद्ध गर्दा प्राप्तहुने विश्वास गरिन्छ ।

यस क्षेत्रमा बग्ने कालीगण्डकी नदीमाअसङ्ख्य चक्रशिला पाइनुका साथै पिपललगायतका रहस्यमय कुरा लुकेको स्थानीयवासिन्दाहरू बताउँछन् । यहाँ रहेको संख्य पिपलमा द्वादशीतिथिको रात्रीमा शंखको ध्वनि सुनाइने गरिन्छ र यो सन्दर्भ ब्रह्म पुराणमा


समेत उल्लेख छ। स्कन्द पुराणमा पनि यसको महिमाको वर्णन गरिएको छ। आनन्द रामायण, यात्राकाण्ड छैटौं खण्डको ७१/७२ श्लोकमायसको वर्णन गरिएको छ । त्यसै गरी विभिन्न धार्मिक शास्त्रहरूमापनि यससम्बन्धी उल्लेख रहेकोले पनि यसको ठूलो महत्त्व रहेको चैतन्य कृष्णले बताउनु भयो ।

यहाँ स्याङ्जाको गल्याङ नगरपालिका १ र पाल्पाको रम्भागाउँपालिकामिलेर आधुनिक अंग्रेजी गुरुकूलसमेत सञ्चालनमाल्याइएको छ। कालीगण्डकी क्षेत्रमा एकसय आठ शिवलिङ्गका साथै मन्दिरसमेत निर्माण गरिएको छ। त्यसैगरी योगसाधनाका साथै प्राकृतिकचिकित्सालयको स्थापनासमेत गरिने योजना रहेको प्रतिष्ठानले जनाएको छ । कालीगण्डकी क्षेत्रको राम्रोसँग प्रचारप्रसार हुँदा धार्मिक पर्यटनका माध्यमबाट मुक्तिनाथजाने भारतीयपर्यटकहरूलाई समेत आर्कषण गर्न सकिने विश्वास गरिएको छ। यस क्षेत्रमा शालग्राम चक्रशिला पूजा गर्न एकादशी तथा शिवरात्री, कृष्णजन्

माष्टमी, रामनवमी तथा अन्य धार्मिक उत्सवहरूमा मेला लाग्ने गर्छ । यसरी उत्तरवाहिनी नदी र यहाँ रहेका चक्रशिलाको प्रचारप्रसार व्यवस्थापनमा ध्यान दिने हो भने धार्मिक तथा पौराणिक दृष्टिले मात्र नभएर पर्यटकीय दृष्टिलेसमेत विकास हुने कुरामा दुईमत छैन ।

## ६. पाल्पा रामपुर र शालग्राम भण्डारण

कालीगण्डकी नदी तथा त्यसमा पाइने शालग्रामको संरक्षणका लागि रामपुरमा



सामुहिक रूपमा शालग्राम सङ्ग्रहालयको निर्माण गरिएको छ। शिलाको संरक्षणका लागि कालीगण्डकी किनार रामपुर १ टापुधाममा यसको सङ्ग्रहालय खोलिएको छ। भगवान् बिष्णुको साक्षात् विग्रहका रूपमा रहेका शालग्रामको शिला लोप हुने जोखिम बाट बचाउनका साथै यसको महत्वका बारेमा जानकारी दिन तथा प्रचारप्रसार गरी पर्यटक भित्र्याई यस क्षेत्रको विकासका लागि संग्रहालय स्थापना गरिएको हो । मुक्तिनाथको रूपमा विकास गर्ने लक्ष्य लिइएको टापुधाममा रामपुर नगरपालिका, नेपाल पर्यटन र स्थानीयरूको पहलमा काम भइरहेको छ। रामपुर क्षेत्रको धार्मिक पर्यटन विकाससँगै शालग्रामको संरक्षणले विश्वको ध्यान तान्न सकिने स्थानीयहरू बताउँछन्। मुक्तिनाथ देखि बहदै आएकी कालीगण्डकी स्वच्छ,सफा कन्चल नदीको रूपमा बिकास गर्दै नदी वारीपारीका धर्मस्थल जोगाउने उदेदेश्यले सङ्ग्रहालयको निर्माण गरिएको हो । घरमा भएका र नदीमा खोजेर महत्त्वपूर्ण अनौठा शिला सङ्ग्रहालयमा राखिने लक्ष्य उसको रहेको छ।

नदी क्षेत्रमा हुने गतिविधिहरुले पछिल्लो समय शालग्राम शिला लोप हुने खतरा बढेको छ । शालग्राम शिलालाई भगवान् विष्णुको रूपमा पूजा गरिन्छ । सङ्ग्रहालयमा दामोदर कुण्डदेखि देवघाटसम्मका विभिन्न स्थानबाट सङ्कलन गरेका शालग्राम शिला राखेर शिला दर्शन र अवलोकनका लागि खुला गरिएको छ । एक दशक अघिसम्म त्यस क्षेत्रको नदी किनारमा शालग्राम सहजै रूपमा पाइन्थ्यो । पछिल्लो समय नदीमा शालग्राम विगतको तुलनामा कम पाउँन थालेको छ । अनाधिकृत रूपमा गिटी ढुङ्गा वालुवा संकलन तथा नदी उत्खननका कारण शालग्राम शिला कम भेटिन थालेको हो ।टापुधाम क्षेत्र विकास समितिका अध्यक्ष टिकाराम सिग्देल क्षेत्रीले सङ्ग्रहालयमा शिलाहरू थप्दै जाने र निकट समयमा नै १ लाख शिलासम्म पुर्‍याउने लक्ष्य रहेको वताउनुभयो ।

यसप्रकार पाल्पाको रामपुरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न शालग्राम शिलाको महत्त्वपूर्ण भूमिका हुन सक्छ । स्थानीय बुद्धिजीवी, धार्मिक व्यक्तित्वहरू तथा स्थानीय निकायहरू शालग्रामको संरक्षणमा लागेको सन्दर्भमा प्रदेशको तर्फबाट पनि केही सहयोग तथा सकारात्मक ऊर्जा प्राप्त भए त्यसले पनि पर्यटकीय विकासमा योगदान दिन सक्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

## ११. शालग्राम शिलाको उत्पत्ति

यहाँ शालग्रामको उत्पत्तिका सन्दर्भका वैज्ञानिक र पौराणिक सन्दर्भको चर्चा क्रमशः गरिएको छ :

### ११.१. शालग्राम शिलाको उत्पत्तिसम्बन्धी वैज्ञानिक दृष्टिकोण

शालग्रामको उत्पत्ति कसरी भयो भन्ने विषयमा वैज्ञानिक दृष्टिकोण पनि रहेको छ । पृथ्वीको उत्पत्तिका सम्वन्धमा अध्ययन गर्ने भूगर्वविद्हरूले अनुसन्धानको विषय शालग्रामलाई पनि वनाएका छन् (सुवेदी, २०७७,पृ. २०) । रमाकान्त सापकोटाले हरि अधिकारीको मतलाई आधार वनाएर शालग्रामको उत्पत्तिका विषयका आफ्नो वैज्ञानिक मत यसरी राखेका छन् ( अधिकारी, २०७७, पृ.६९) ।

करोडौं वर्षअघि भारतीय उपमहाद्वीप अथाह मरुभूमिजस्तो मात्र थियो भने अहिलेको तिब्वत एउटा विशाल समुद्रका रूपमा थियो । जब पृथ्वीको गर्भमा रहेका दुई विशाल टेक्टोनिक प्लेटहरू आपसमा जुध्न थाले; त्यसको असरले तिब्वतको त्यो समुन्द्र नै अचानक गायव हुन पुग्यो । समुन्द्रको ठाउँमा विशाल मैदान बन्यो भने त्यसको दक्षिणी भागमा अचानक जमिन उचालिएर पर्वत शृङ्खला खडा भयो । अचानक गायव भएको त्यही समुद्रको एक छेउमा अस्तित्वमा आएको एउटा हिमालको फेदीमा कालो रङको पानीको एउटा सानो सोतोका रूपमा कालीगण्डकीको उद्‌गम बन्यो । भयङ्कर भौगोलिक उथलपुथलका कारण समुद्रको पिँधमा युगौंदेखि जम्मा भएका काला बालुकणहरूको थुप्रो सतहमा आएको र त्यही कालो बालुवा र गेग्रानका बीचबाट उत्पन्न भएकोले उद्‌गम कालो भएको हुनु पर्दछ । यही एउटा कारणले हो यहाँ करोडौं वर्ष पुरानो जीवासं (शालग्राम) पाइन्छ ।

सापकोटाको माथिको तर्क वैज्ञानिकहरूको तर्कको सारांश हो । उनकाअनुसार के भन्न सकिन्छ भने शालग्रामको मूल स्रोत समुन्द्र हो र दुई प्लेटहरू एकआपसमा जुध्दा पृथ्वी नै उथलपुथल भई समुन्द्रमा जुन ठाउँमा कालाकाला ढुङ्गा थिए, त्यही ठाउँ वाहिर निस्कदा हालको कालीगण्डकीमा पऱ्यो र अन्ततः तिनैलाई शालग्राम भन्न थालियो, उक्त शालग्रामलाई शालिग्राम पनि भनेर भन्ने गरिन्छ । सापकोटाको प्रस्तुत तर्कले पुराणहरूमा पाइने विष्णु र तुलसीको प्रसङ्ग तथा गण्डकीको तपस्याको प्रसङ्गसँग मेल खादैन तथापि शालग्रामको स्रोत कालीगण्डकी नदी नै हो भन्ने कुरासँग मेल खान्छ । वैज्ञानिक अन्वेषणले शालग्रामलाई ईन्डेक्स फोसिल मान्दछन् (चालिसे, २०७७, पृ.६९) । वैज्ञानिकहरूले शालग्रामलाई समुन्द्रमा मात्र पाइने आदिजीव पनि मान्दछन् । उनीहरूको तर्क के छ भने दुई प्लेट ठोकिँदा सम्पूर्ण जमिन उथलपुथल हुन्छ र जुन ठाउँमा काला गेग्रेटा थिए त्यो विन्दुमा बढी घर्षण भएर वाहिर निस्कियो र फलतः त्यही ठाउँवाट जल पनि वग्न थाल्यो र त्यसैलाई कालीगण्डकी भनियो । त्यसैले समुन्द्रको पिँधमा भएको शालग्रामको पहाड नै मुक्तिक्षेत्रमा उभिएर कालीगण्डकीधारसँगै माडीसम्म फैलिएको हुन सक्छ (चालिसे, २०७७, पृ.६९) । यिनैलाई आधार वनाउँदै सन् १९८८ मा क्यानडा, जर्मनी, इटाली तथा फ्रान्सको वैज्ञानिकहरूको संयुक्त टोलीले गहन अनुसन्धान गरी श्रीकृष्णागण्डकीलाई हिमालयभन्दा जेठी हिमनदी प्रमाणित गरेका छन् (चालिसे, २०७७, पृ.६९) ।आज वैज्ञानिकहरूले कालीगण्डकीको यसप्रकारको महत्त्व रहेको कुरा गरे पनि हामी यसवारे अनभिज्ञ नै छौं । त्यसो भए शालग्राम शिला गण्डकी नदीमा

मात्र पाइने कारण के हो ? भन्ने प्रश्न आउँछ । यसको उत्तरमा के भन्न सकिन्छ भने दुई प्लेट ठोकिने जुन विन्दु छ त्यसै ठाउँमा कालीगण्डकी नदी पर्ने भएकाले गण्डकीमा मात्र शालग्राम पाइने कारण हो । *वराह पुराण*मा मुक्तिक्षेत्रको वाह्रयोजनमा शालग्राम पाइने भनिएको र बाह्र योजन भूभाग मुक्तिक्षेत्रदेखि परासीको त्रिवेणीसम्म पर्ने हुँनाले र शालग्राम पनि त्यसै सेरोफेरोमा पाइने हुँनाले विज्ञानको मान्यता र पुराणहरूको मान्यता मिल्दोजुल्दो देखिन्छ ।

## ११.२ शालग्राम शिलाको उत्पत्तिको सम्बन्धमा पौराणिक कथन

शालग्राम पाइने विश्वको एकमात्र नदी गण्डकी भएकाले गण्डकी नदीको उत्पत्तिका बारेमा जान्नु युक्तिसङ्गत हुन्छ । गण्डकी नदीको उत्पत्ति कसरी भएको हो भन्ने विषयमा पुराणहरूमा चर्चा गरिएको प्रसङ्ग नै प्रमाणका रूपमा मान्ने पर्ने हुन्छ । पुराणहरूमा गण्डकी उत्पत्तिका सन्दर्भलाई केलाउँदा चारओटा धार देखिन्छन् ( गिरि, २०७७, पृ.७) ।

(१) विष्णुको गण्डस्थलबाट निस्किएको पसिना

(२) शङ्खचूर्डकी पत्नी तुलसीको शरीर नै गण्डकी बन्नु

(३) ब्रह्मापुत्री गण्डकी नदी

(४) पार्वतीको पसिनाबाट सप्तगण्डकीको उत्पत्ति

शिव महापुराण र देवीभागवत महापुराणमा शङ्खचूर्ड र तुलसीको उपाख्यानसँग गण्डकी उत्पत्तिको प्रसङ्ग पाइन्छ । स्कन्धपुराणको नागरखण्डमा परम पुण्यदायी नदीको रूपमा गण्डकीको उल्लेख गर्दा तिनलाई ब्रह्मपुत्री भनी बताइएको छ ( गिरि, २०७७, पृ. ७) । त्यसै गरी वामन पुराणमा भगवान् विष्णुको गण्डस्थलबाट गण्डकीको उत्पत्ति भएको कुरा पहिला नै आइसक्यो । देवी भागवत महापुराणअनुसार शङ्खरचूर्णलाई मार्न उसकी पत्नी वृन्दाको सतीत्व अवहरण गर्न अपरिहार्य थियो । विष्णुले वृन्दाको सतीत्व अवहरण गरिसकेपछि भगवान् शिवको हातबाट शङ्खरचूर्डको मृत्यु हुन्छ । पछि त्यो कुरा थाहा पाइसकेपछि वृन्दाले विष्णुलाई भन्छिन् :

हे नाथ ते दया नास्ति पाषाण सदृश्य च ॥<br>
छलेन धर्म भङ्गेन मम स्वामी त्वया हतः ।<br>
पाषाणहृदयस्त्वं हि दयाहीनो यतः प्रभो ॥ देवीभागवत ९।२४ ।२४

(अर्थ : हे नाथ हजुर पाषाणयुक्त हुनुभयो । हजुरलाई दया छैन । हजुरले छलपूर्वक मेरो सतीत्व हरण गरेकाले मेरो पतिको मृत्यु भयो । हे नाथ हजुर यसै समयमा पाषण हुनुहोस्)

यसरी भगवान् विष्णुले वृन्दाको सतीत्व अपहरण गरिसकेपछि, उनले विष्णुलाईपत्थर हुनुपर्ने श्राप दिन्छिन् र त्यसै समय विष्णु पत्थर बन्नुहुन्छ र त्यही पत्थरलाई शालिग्राम भनिन्छ । त्यसपछि भगवान् विष्णुले वृन्दालाई तिमी पनि तुलसीको बोट र गण्डकी बनेर मेरै साथ हुनेछौ भनेर वरदान पनि दिनुहुन्छ । जुन मानिसले एकादशीको दिन शालग्राममा तुलसीपत्र चढाउँछ त्यो मानिसको परमधाम हुन्छ भन्ने कुरा पनि शास्त्रमा पाइन्छ । यसरी गण्डकी नदीको उत्पत्ति भएको हो भन्ने शास्त्रोक्त प्रमाण पाइन्छ ।

वराह पुराणअनुसार कुनै ऋषिले शाल नामक वृक्षका मुनि भगवान् विष्णुको दीर्घकालसम्म तपस्या गर्छन् । तपस्याबाट विष्णु खुसी भएर वर मागभन्दा उनले शिवजस्तो प्रतापी र तेजस्वी छोरा माग्छन् । त्यो कुरा सुनिसकेपछि भगवान् विष्णुले नन्दीकेश्वरको जन्म भएको कुरा गर्नुहुन्छ । पछि शालवृक्षको तल उनले उत्तम पुत्र प्राप्तिका लागि तपस्या गरेको हुँनाले त्यो ठाउँ शालग्रामका रूपमा प्रसिद्ध भएको र त्यो ठाउँ भगवान् विष्णुको प्रिय ठाउँ भएको कुरा वराह पुराणमा पाइन्छ । भगवान् भन्नुहुन्छ :

मममैव रोचते स्थानं गिरिकूट शिलोच्यते ।

शालग्राम इति ख्यातो भक्तसंसार मोक्षणम् ।

वराह पुराणमा उल्लेख भएअनुसार भगवान् विष्णुले पृथ्वीलाई शालग्रामक्षेत्रमा १५ गुप्त स्थान रहेको र त्यहाँ आफ्नो प्रतीक स्वरूप चित्राङ्कित शिला पाइने चर्चा गर्नुभएको छ । त्यसै गरी त्यो ठाउँ तीन योजनमा विस्तार भएको कुरा शास्त्रमा पाइन्छ । यस प्रसङ्गले पनि शालग्राम शिला गण्डकी नदीमा पाइन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

स्कन्ध पुराणमा उल्लेख भएअनुसार कुनै बेला देवताहरू भगवान् विष्णु र भगवान् शिवबाटसमेत पार्वतीलाई मन नपर्ने काम हुन्छ । त्यसबाट क्रोधित भएर पार्वतीले देवताहरूलाई मर्त्यलोकमा प्रस्तर प्रतिमा हुने श्राप दिनुहुन्छ । त्यसै समयमा देवी पार्वतीले भगवान् शिवलाई लिङ्गका रूपमा र विष्णुलाई शिलारूपमा बस्नु पर्ने श्राप दिनुहुन्छ । त्यसपछि

विष्णुले पार्वतीको प्रशंसा गरिसकेपछि पार्वतीले पुनः भन्नुहुन्छ –'हे विष्णु ! मर्त्यलोकमा शालग्राम भएर बस्नु परे पनि हजुर जीवलाई मोक्ष दिने मोक्ष दायकका रूपमा रहनुहुनेछ र जसले विशेषतः चतुर्मासमा हजुरको पूजा-आराधना गर्छन् तिनीहरू भवसागरबाट तर्छन् । शालग्रामका रूपमा हजुर ब्रह्माजीकी प्यारी पुत्रीका रूपमा रहेकी परम पुण्यदायिनी गण्डकी नदीमा बस्नु हुनेछ । त्यतिबेला हजुरको २४ स्वरूप हुनेछ । हजुरको नाम शालग्राम हुनेछ । शालग्रामको स्वरूपमा हजुर सम्पूर्ण सामर्थ्यले सज्जित हुनु हुनेछ । शालग्राम शिलामा व्याप्त हजुरलाई जसले पूजा गर्नेछ त्यस भक्तले मनवाञ्छित फल प्राप्त गर्नेछ । यसप्रकार शालग्रामको उत्पत्तिको सन्दर्भमा पार्वती र विष्णुको संवादसँग जोडिएको प्रसङ्ग स्कन्ध पुराणमा पाइन्छ ।

पद्म पुराणअन्तर्गत पाताल खण्डमा वर्णन भएअनुसार कुनै दिन शत्रुध्न नाम गरेका राजा तीर्थयात्राका क्रममा गण्डकी नदीका तिरमा पुग्छन् । त्यहाँ उनले चक्राङ्कित शिला देखेर त्यसका बारेमा ऋषिमुनिसँग जिज्ञासा राख्छन् । त्यसपछि ऋषिहरूले गण्डकी नदीमा पाइने शिलाको माहात्म्य बताउँछन् । ऋषि भन्छन् : यहाँ जति पनि चक्राङ्कित शिला छन् ती सवै साक्षात् भगवान् नारायणका रूप हुन् । शालग्राम पूजा गर्ने ब्रह्मण, क्षत्रिय, वैश्य, शुद्र तथा गृहस्थीले मोक्ष प्राप्त गर्छन् । यस कुरालाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

अस्यां भवा ये चाश्मानश्चक्र चिह्नैरलङ्कृताः ।
ते साक्षाद्भगवन्तो हि स्वस्वरूपधराः पराः ॥ पद्मपु.पा.खा.२०।१६
व्राह्मणः क्षेत्रियो वैश्यः शूद्रो वेदपथि स्थितः ।
शालग्रामं पूजयित्वा गृहस्थी मोक्षमाप्नुयात ॥ पद्मपु.पा.खा.२०।२२

ऋषिमुनि भन्छन् हे राजन ! जसले शालग्रामको चरणोदक सेवन गर्छ त्यो तत्काल पवित्र हुन्छ । आचरण नभएको मान्छेले भने शालग्राम पूजा गर्नु हुँदैन । आचरणयुक्त मान्छेले शङ्ख, घण्टसहित तामाको पात्रमा शालग्राम शिला राखेर तुचाठी, चन्दन, जलले पूजा गर्नुपर्छ । जसले शालग्रामशिलाको निन्दा गर्छ त्यो प्रलयकाल पर्यन्त कुम्भीपाक नाम गरेको नरकमा जान्छ ।

पद्मपुराण अन्तर्गत पाताल खण्डमा भगवान् शिवले पार्वतीलाई पनि शालग्रामको रहस्य वताएको पाइन्छ । सयौं पाप गरेको जोकोहीले पनि यदि शालग्रामको जल पान गर्छ भने त्यो तत्क्षण मुक्ति हुन्छ । शालग्रामका विभिन्न प्रकारमध्ये शङ्खचक्रगदापद्म भएको शालग्राम केशव, पद्मगदाशङ्खचक्र युक्त शालग्राम नारायणका विग्रह हुन् । त्यसै गरी सूक्ष्मचक्र भएको शालग्राम प्रद्युम्न, सुदीर्घ सुपरिच्छिद्र भएको शालग्राम अनिरुद्र, द्वारमा तीनओटा रेखा भएको शालग्राम नारायण, पृथुचक्र नृसिंह, तीन विन्दु भएको कपिल, मध्यमा निलो चक्र भएका दामोदर मान्नुपर्छ भन्ने कुराको वर्णन गरिएको छ ।

शिव पुराणमा गण्डकी र शालग्रामको उत्पत्तिको प्रसङ्ग पाएन्छ । भगवान् विष्णुको छलले तुलसीको सतीत्व अपहरण भई सकेपछि तुलसीले विष्णुलाई भन्छिन्– 'हे विष्णु ! तिमीमा थोरै पनि दयाको भाव रहेनछ; तिम्रो मन पाषाणको समान रहेछ; मेरो पातिव्रत भङ्ग गरेर तिमीले मेरो स्वामीको वध गऱ्यौ । तिमी पाषाण जस्तै अत्यन्त निर्दयी र खल रहेछौ; त्यसैले मेरो श्रापका कारण तिमी पाषाण वने' भनेर श्राप दिन्छिन् । यसलाई शिवपुराण रुद्र संहिता (युद्धखण्ड) को प्रस्तुत श्लोकले स्पष्ट पारेका छन् :

हे विष्णु ते दया नास्ति पाषाणसदृशं मनः ।<br>
पतिधर्मस्य भङ्गेन ममः स्वामी हतः खलु ।३३।<br>
पाषाणसदृशस्त्वं दयाहीनो यतः खलः ।<br>
तस्मात्पाषाणरूपस्त्वं मच्छापेन भवाधुना । ३४।

तुलसीलाई श्राप दिईसकेपछि तुलसीले आफ्नो पतिलाई सम्झेर विलाप गर्छिन् । त्यो देखेर भगवान् विष्णुले शिवलाई सम्झिनुहुन्छ र त्यसैवखत शिव आएर तुलसीलाई सम्झाउँनुहुन्छ र भन्नुहुन्छ– 'हे तुलसी तिमी चिन्ता नगर । यो संसारमा हरेकले आफ्नो कर्मको फल भोग्नुपर्छ । तिमीले अघिल्लो जन्ममा विष्णुका लागि तपस्या गरेकी थियौ; त्यसैले तिमीलाई विष्णु प्राप्त भएको हो । अव तिमीले यो शरीरलाई त्याग गर र महालक्ष्मीसमान भएर विष्णुका साथ रमण गर । अव तिमी पुष्प वृक्षमा उत्तम तुलसी वनेर स्वर्ग, मर्त्य र पातालमा वस । अवदेखि तिमी भारतवर्षमा गण्डकी नदीका रूपमा पुण्यदायी नदी भएर रहनेछौ र त्यहाँ तिम्रो श्रापका कारण भगवान् विष्णु पाषाण रूपमा वस्नुहुनेछ ।' यस कुरालाई *शिवपुराण* को तलको श्लोकले स्पष्ट पारेको छ :

नद्यधिष्ठातृदेवी या भारते वहुपुण्यदा ।

लवणोदस्य पत्नी सा हर्यंशस्य भविष्यसि । शिवमहा पु.यु.ख.४९ ।

गण्डकी नदीको जलमा या किनारमा रहँदा त्यहाँ विष्णुको विग्रहरूप शालग्राम शिलालाई तीखो दाँत भएका हजारौं किराले टोकेर छिद्रछिद्र वनाई त्यसमा चक्रको आकार बनाउने छन् । शिवमहापुराण मा भनिएको छ :

तत्र कोटयश्च कीटाश्च तीक्ष्णदंष्ट्रा भयंकराः ।

तच्छित्वा कुहुरे चक्रं करिष्यति तदीयकम् ।शिवमहा पु.यु.ख.५० ।

शालग्रामशिला सा हि तद्भेदादति पुण्यदा ।

लक्ष्मीनारायणाख्यादिश्चक्रभेदाद्भविष्यति ।शिव पु.यु.ख.५१।

यसरी शिवमहापुराणको माथिको प्रसङ्गका आधारमा के भन्न सकिन्छ भने शालग्रामशिलाको उत्पत्ति तुलसीको श्रापबाट भएको हो । शिलाहरू चक्र जलमा वस्ने किराहरूले चपाएर बनाउँछन् र प्राय शिलामा चक्र भेटिन्छ । त्यहाँ तीक्ष्ण दाँत भएका किराले शीलालाई काँटेर चक्ररूप बनाउँछन् र त्यो विष्णुनारायणको प्रतीकका रूपमा प्रसिद्ध हुन्छ । त्यसपछि तुलसी र शालग्रामको मिलन हुन्छ । त्यसै गरी यिनै श्लोकमा शालग्राम शिलाको महिमाका बारेमा भगवान् शिव सटिक व्याख्या गर्नुहुन्छ । जसले शालग्रामबाट तुलसीलाई विच्छेद गर्छ त्यसको जन्मान्तरसम्म स्त्रीसँग विच्छेद हुन्छ ।शिवमहापुराणका अनुसार यति भनेर भगवान् शिव र विष्णु दुबै अन्तर्ध्यान हुनुभयो भने तुलसीको देह गण्डकी नदीका रूपमा परिणत भयो । भगवान् विष्णु पनि गण्डकी नदीको तिरमा शालग्रामका रूपमा बस्नुभयो । किराहरूले अनेक किसिमका छिद्र वनाउन थाले र जुन शीला जलमा परे ती अधीक पुण्यशाली वने ।

शिवमहापुराणका अनुसार भगवान् विष्णुको अरू रूपको भन्दा शालग्राम पूजाको विशेष महत्त्व रहेको छ । शालग्रामलाई भगवान्को भावात्मक स्वरूप नमानेर सात्विक स्वरूप मानिन्छ । शालग्रामलाई विहान उठेर स्नान गरिसकेपछि मात्र छुनुपर्छ र पञ्चामृतले स्नान गराउनु पर्छ । शालग्राम पूजाका निम्ति प्राणप्रतिष्ठाको आवश्यकता पर्दैन । भगवान् विष्णुको सबै

रूपको पूजा शालग्राममा गर्न सकिन्छ। श्रीकृष्णाष्टमीमा कृष्णको प्रतीकका रूपमा शालग्रामको पूजा गर्न सकिन्छ भने राम नवमीमा शालग्रामको अभिषेक गर्नाले राम अभिषेकको फल मिल्छ । शालग्राम पूजामा शालग्राम माथि तुलसी राख्नाले धन तथा ऐश्वर्य प्राप्त हुन्छ । शालग्राम पूजा गर्नाले अघिल्लो एक जन्मको पापबाट मुक्ति मिल्छ भन्ने कुरा शिवमहापुराण मा वर्णन गरिएको छ ।शालग्राम नेपालको गण्डकी नदीमा मात्र पाइन्छ र यसको उद्गमस्थललाई शालग्राम तथा मुक्तिनाथ पनि भनिन्छ । शालग्रामलाई सात्विकताको प्रतीक मानिन्छ भने यसको पूजा गर्दा मन निर्मल हुन्छ ।

त्यसै गरी शालग्रामको उत्पत्तिका विषयमा तलको मत पनि पाइन्छ :

कुनै समयमा गण्डकी नदीले १००० वर्षसम्म तपस्या गरिन् । उनले १०० वर्ष हावामात्र खाएर पनि तपस्या गरिन् । उनको तपस्याबाट खुसी भएर भगवान् विष्णुले तिमीलाई के वरदान चाहिन्छभन्दा गण्डकीले भन्छिन् :

यदि देव ! प्रशन्नोऽसि देयो मे वाञ्छितो वरः ।

मम गर्भगतो भूत्वा विष्णो ! तत्पुत्रतां व्रज ॥

(अर्थ : हे देव ! साच्चिकै यदि हजुर मबाट खुसी हुनुहुन्छ भने मेरो पुत्र हुन स्वीकार गरेर गर्भमा आउनुहोस् ) ।

गण्डकीले यसप्रकारले आफ्नो गर्भमा पुत्रका रूपमा आउनु गर्ने वर मागेको देखेर भगवान् विष्णु भन्नुहुन्छ :

शालग्राम शिलारूपी तव गर्भगतः सदा ।

स्थास्यामि तव पुत्रत्वे भक्तानुग्रहकारणम् ॥

(अर्थ : हे देवी ! म तिम्रो गर्भमा शिलारूप भएर भक्तजनहरूको उद्धारका निम्ति वस्नेछु र मेरो सानिध्यका कारण तिमी पनि नदीहरूमा श्रेष्ठ हुनेछौ ) ।

यसरी भगवान् विष्णु स्वयं शालग्रामका रूपमा गण्डकीमा बसेको र गण्डकीलाई सर्वश्रेष्ठ नदी बन्ने वरदान दिएको प्रसङ्ग पुराणहरूमा पाइन्छ । गण्डकी नदीको उत्पत्ति कसरी भयो भन्ने कुरा पनि ऐतिहासिक एवं पौराणिक महत्त्वको रहेको छ । मुक्तिक्षेत्रलाई भगवान् विष्णुको शिर भनिन्छ भने त्यस ठाउँबाट बग्ने गण्डकीमा पाइने शालग्रामहरूलाई श्रीहरिका विभिन्न अवतार मानिन्छ। कतिपय शालग्राम शिला चक्राङ्कित हुन्छन्। शिलाहरूमा कसरी चक्रको चिन्ह हुन्छ भन्ने विषयमा पौराणिक मिथक पाइन्छ । कुनै समयमा राजा जलेश्वरले विन्ती गरेको हुनाले भगवान् विष्णुले आफ्नो चक्रले ग्राहको शिरच्छेदन गरेको र त्यसपछि त्यो चक्रलाई फ्याक्दा उक्त चक्र विभिन्न शिलामा ठोकिन पुगी चक्राङ्कित शिला बनेको प्रसङ्ग पाइन्छ। यस प्रसङ्गलाई तलका साक्ष्यले पुष्टि गरेका छन् :

ततो जलेश्वरो राजा भगवन्तं व्यजिज्ञपत ।
तेन विज्ञापितो देव भगवान्भक्तवत्सलः ॥
सुदर्शनेन चक्रेण ग्राहस्यं समपाटयत् ॥
क्षिप्तं पुनस्तत्तु चक्रं शिलाः सङ्घट्टयद्धरेः ॥
संघट्टनात्तु चक्रस्य शिलाश्चक्रेण लाञ्छिता ।
वाहुल्येन च भूवर्ये सस्मिन्क्षेत्रे परे मम ॥
वज्रकीटैश्च जानाति सन्ततानि विलोकय ।

माथिका प्रमाणका आधारमा के भन्न सकिन्छ भने भगवान् विष्णुको चक्रले छोएजति सबै पाषाण शालग्राम शिलाका रूपमा परिणत भएको देखिन्छ । यसैलाई चक्र शिला पनि भनिन्छ। प्रश्न के उठ्छ भने त्यसो भए गण्डकी नदीको कुनकुन क्षेत्रमा चक्रशिला पाइन्छ ? यसको उत्तर स्कन्ध पुराणमा पाइन्छ। त्यहाँ भनिएको छ :

इत्यादिना च त्रिवेण्या हरिहरात्मक क्षेत्रत्वं ।
आरभ्य मुक्तिक्षेत्रं तत्क्षेत्रं द्वादशयोजनम् ॥
शालग्राम स्वरूपेण मया यत्र स्थितं स्वयम् ।

(अर्थ : मुक्तिक्षेत्रदेखि आरम्भ भएर हरिहर क्षेत्र (देवघाट) हुँदै त्रिवेणीसम्मको क्षेत्रलाई शालग्राम क्षेत्र मान्नुपर्छ र त्यहाँ भगवान् विष्णु शालग्रामका रूपमा रहनुहुन्छ ॥

## १३. शालग्राम शिलाको परिचय र पूजा विधि

भगवान् शालग्राम लाई श्रीनारायणका साक्षात् स्वयम्भू स्वरूप मानिन्छ । भगवान् शिव र विष्णुले नै जगत्को कल्याणका लागि पार्थिव रूप धारण गर्नुभएको हो । जसरी नर्मदा नदीबाट निस्किने पत्थर नर्मदेश्वर या शिवस्वरूप मानिन्छन् र स्वयं उत्पत्ति भएका कारण प्राण प्रतिष्ठा गर्नु पर्देन त्यसै गरी शालग्राम पनि नेपालको गण्डकी नदीको तटमा मात्र पाइन्छर शालग्रामलाई पनि प्राण प्रतिष्ठा गर्नु पर्दैन । भक्तजनहरूले शालग्राम शिलालाई मन्दिर वा घरमा सोभै पूजा गर्न सक्छन् । गण्डकी नदीलाई तुलसीको रूप पनि मानिन्छ । विशेषतः नेपालको मध्यभागदेखि बग्दै देवघाटमा आई नारायणी भएर भारतको सोनपुरमा गएर गङ्गा नदीसँग मिल्छिन् । शालग्राम खास् गरेर कालो रङ्मा पाइन्छ तर पनि कतिपय शालग्राम सेतो रङ्मा पनि पाइन्छन् । शालग्राममा विशेषतः भगवान् विष्णुको सुदर्शन चक्र पाइन्छ । कतिपय शालग्राम अण्डाकारमा हुन्छन् भने कतिपय शालग्राममा एउटा छिद्र पाइन्छ । शालग्रामभित्र शङ्ख, चक्र, गदा र पद्म हुन्छ । कतिपय शालग्रामको वाहिर स्पष्ट चक्र देखिन्छ। अलगअलग स्वरूपमा पाइने शालग्राम भगवान् विष्णुका अलगअलग प्रतीक मानिन्छन् । शालग्राम यदि गोलाकारमा छ भने त्यसलाई भगवान् कृष्णको प्रतीक मानेर पूजा गर्नु पर्छ । शालग्राम मत्स्यको आकारमा छ भने त्यसलाई मत्स्य शालग्राम भनिन्छ। शालग्राम कछुवाको आकारमा छ भने त्यसलाई भगवान् विष्णुको कुर्मअवतार कुर्म रूप मानिन्छ । यसप्रकारका भगवान्का दशावतार तथा चौबीसौं अवतारसँग सम्बन्धित भएर शालग्राम रहेका हुन्छन् । अनेक किसिमका आकारमा शालग्राम पाइन्छन्। विशेषज्ञहरूले यसका आकार ८० देखि १२० सम्म मानेका छन् ।

शालग्रामलाई एक मूल्यवान् र म महत्त्वपूर्ण शिला मानिन्छ । यसलाई भगवान्को विग्रह रूप मानिने भएकाले र यसभित्र केहीमात्रामा सुन हुने भएकाले यसलाई महत्त्वपूर्ण मानिएको हो । शालग्रामको पूजामा नभइनहुने कुरा तुलसी पत्र हो । शालग्राममा तुलसी चढाइयो भने सद्गति प्राप्त हुन्छ भन्ने पौराणिक मान्यता रहेको छ । तुलसी र शालग्रामको विवाह गरिदिंदा कन्यादान गरेको पुण्य मिल्छ भन्ने कुरा शास्त्रमा बताइएको छ। दैनिक पूजा गर्दा शालग्रामलाई जलले स्नान गराएर त्यसमाथि तुलसीपत्र चढाउने गर्नुपर्छ र स्नान गराएको जल सेवन गर्नुपर्छ भन्ने शास्त्रोक्त मान्यता रहेको छ । भगवान् शिवले पनि स्कन्धपुराणको

कार्तिक माहात्म्यमा भगवान् शालग्रामको स्तुति गर्नु भएको छ। ब्रह्मवैवर्त्यपुराणमा भनिएको छ : जुन घरमा दैनिक शालग्राम भगवान्को पूजा हुन्छ त्यो घरमा भगवान् श्रीविष्णुका साथ लक्ष्मीको वास हुन्छ। कुनै ब्रत, पर्व तथा उत्सवमा नदीमा जान पाइएन भने शालग्रामको जलले आफ्नो टाउकोमा सेचन गर्दा नदीस्नान गरेको पुण्य मिल्छ। त्यसै गरी जुन मनुष्यले दैनिक रूपमा शालग्रामको पूजा गर्छ त्यसले असङ्ख्य दान गरेको र पृथ्वीको परिक्रमा गरेको फल प्राप्त गर्छ। मृत्युकालमा शालग्रामको ज़ल लियो भने समस्त पापकर्मको नाश भएर विष्णु लोकमा जान्छ भन्ने कुरा पुराणहरूमा उल्लेख गरिएको पाइन्छ। जुन घरमा शालग्रामको नित्य पूजा हुन्छ त्यस घरमा रहेको वास्तुदोष आफै हटेर जान्छ। पुराणका अनुसार तुलसीजलसहित शालग्रामको चरणामृतको सेवन गरियो भने शरीरभित्र रहेको विषको पनि नाश हुन्छ।

कतिपय शालग्राम लिङ्ग स्वरूपका हुन्छन्। तिनलाई 'शालिग्रामोत्भवोलिङ्ग' पनि भनिन्छ। यसलाई हरिहरको स्वरूप मानिन्छ। जसको घरमा यसप्रकारको शालग्राम हुन्छ त्यसको घरमा सारा ब्रह्माण्ड विराजमान हुन्छ। जुन ठाउँमा धेरै सङ्ख्यामा शालग्रामको सङ्ग्रह छ त्यस ठाउँको एक कोश वरिपरिका सबै मानिस मुक्ति हुन्छन् भनेर पुराणहरूमा वर्णन गरिएको छ। शालग्रामलाई जसले आफ्नो घाँटीमा बाध्छ त्यो अशुची देशमा जन्मेको र मरेको भए पनि वैकुण्ठमा जान्छ। शालग्रामलाई छेदन गर्नु हुँदैन। कतिपय शालग्राम वज्रकिटले नै छेद गरेका भेटिन्छन् त्यस्मा शालग्राम धारण गर्न सकिन्छ। त्यसै गरी यदि कसैले वैशाख शुक्ल द्वादशीका दिन ब्राह्मणलाई विधिपूर्वक शालग्रामको पूजा गरेर कुनै दान गर्छ भने ब्राह्मणलाई त्यसले अरू कुनै कुराको दान गर्नु गर्दैन। त्यति मात्र होइन कसैले शालग्रामको निकट भगवान्को कथा लगाउँछ भने त्यो सोझै भगवान्को धाम जान्छ। चक्राङ्कित शालग्राम लिएर कोही तीर्थ जान्छ भने त्यसको बाह्र कोश वरिपरिको जमिन शुद्ध हुन्छ भन्ने कुरा शास्त्रमा पाइन्छ। कतैकतै शिवलिङ्गमा चढेको प्रसाद लिनु हुँदैन भन्ने पनि कुरा आउँछ। त्यहाँ चढेको प्रसादमा चण्डको अधिकार छ भनिन्छ। यदि शालग्रामसहित शिवजीको पूजा गरिन्छ भने प्रसाद लिन हुन्छ भनेर बताइएको छ। भगवान् शिव भन्नुहुन्छ - 'यदि शालग्रामसहित मेरो पूजा हुन्छ भने त्यो अत्यन्त पवित्र हुन्छ। शालग्रामको जहाँ पूजा हुन्छ त्यहाँ म विराजमान हुन्छु तर कलीयुगका मूर्ख मान्छेले यो कुरा जान्दैनन्'। शालग्राम भगवान्को यात्रा महिमा छ।

शालग्रामको पूजा गर्दा द्वादश अक्षरी मन्त्र (ॐनमो भगवते वासुदेवाय) नै सबैभन्दा उत्तम हो भनेर स्कन्ध पुराणमा बताइएको छ । चतुर्मासमा यस मन्त्रद्वारा शालग्रामको पूजा गर्दा मनोवाञ्छित फल पाइन्छ । स्कन्ध पुराणका अनुसार एक वर्षमा बाह्र महिना हुने र यस मन्त्रमा पनि बाह्र अक्षर हुने भएकाले वर्ष दिनका पाप नाश गर्ने सबैभन्दा उत्तम काम शालग्राम भगवान्लाई द्वादशाक्षरी मन्त्रले पूजा गर्नु हो भन्ने रहेको छ । शुद्र एवं महिला हो भने उसले प्रणवरहित मन्त्रले पूजा गर्नुपर्छ । असत् शुद्रलाई शालग्रामको पूजा गर्न निषेध गरिएको तथा पतिवर्ता स्त्रीलाई निषेध नगरिएको कुरा पनि स्कन्ध पुराणमा पाइन्छ । त्यसै गरी शालग्रामको पूजा 'राम' नामक मन्त्रबाट पनि गर्न सकिने कुरा स्कन्ध पुराणमै पाइन्छ । त्यसै गरी जसले शालग्राम शिलाको अगाडि दीप दान गर्छ त्यसले कहिल्यै पनि यमलोक देख्नु पर्दैन । जसले भगवान्को शयनकालमा अर्थात् चतुर्मासमा शालग्रामलाई पञ्चामृतले स्नान गराउँछ त्यो मनुष्य संसाररूपी वन्धनमा पर्नुपर्दैन । चतुर्मासमा शालग्राममा तुलसीको माला चढाउनेको सम्पूर्ण कामना पूरा हुन्छ । सुगन्धित चन्दनसहित तुलसीको मञ्जरी मिसिएको जलले शालग्राम भगवान्लाई स्नान गराएर तुलसीकै मञ्जरीले पूजा गर्नु उत्तम मानिन्छ ।स्कन्ध पुराणमा शालग्राम शिलाको चौवीस भेद बताइएको छ । ती हुन् : केशव, मधुसुदन, संकर्षण, दामोदर, वासुदेव, प्रद्युम्न, विष्णु, माधव, अनन्तमूर्ति, पुरुषोत्तम, अधोक्षज, जनार्दन, गोविन्द, श्रीधर, ऋषिकेश, नृसिंह, विश्वयोनि, वामन, नारायण, पुण्डरीकाक्ष, उपेन्द्र, हरि र श्रीकृष्ण । सालभरका चौबीस एकादशीमा क्रमशः थी नामले शालग्राम शिलाको पूजा गर्नुपर्छ भन्ने कुरा पनि स्कन्ध पुराणमै पाइन्छ ।

चतुर्मासमा भगवान् श्रीहरि विशेष रूपमा जलमा व्याप्त हुनुहुन्छ । जलबाट अन्न पैदा हुन्छ; जसबाट जगत्को तृप्ति हुन्छ । त्यो अन्न भगवान् विष्णुको शरीरको अंशबाट उत्पन्न हुन्छ । त्यो अन्न आह्वान्पूर्वक भगवान् विष्णुलाई समर्पण गरेमा भगवान् खुसी हुनुहुन्छ । सम्भव हुन्छ भने वेद या शास्त्रअनुसार भगवान् विष्णुको विग्रह स्वरूप शालग्रामलाई पुरुषसूक्त (सहस्त्रशीर्षा पुरुषः..., यजुर्वेद तथा रुद्रीको दोस्रो अध्याय) का षोडष मन्त्रले षोडषोपचारद्वारा पूजा गर्नुपर्छ । शालग्रामको नित्य पूजा गर्दा आह्वान् गर्नु पर्दैन किनभने हरि भगवान् नित्य त्यहाँ विराजमान हुनुहुन्छ । आह्वान गर्दा पुष्प चढाएर तथा विसर्जन गर्दा पनि पुष्प चढाएर गर्न सकिन्छ ।

## १४. शालग्राम शिलाको ऐतिहासिक महत्त्व

हिन्दू समाजमा शालग्राम शिलाको ठूलो महत्त्व रहेको छ । शालग्राम शिला विश्वमा कालीगण्डकी नदीमा मात्र पाइने भएकाले यसको महत्त्व बढेको हो । नेपाललाई विश्वका सामु चिनाउने धार्मिक आधारहरूमध्ये एउटा आधार शालग्राम शिला हो । शालग्रामको धार्मिक महत्त्व हुनुका पछाडिको कारण विभिन्न पुराण तथा उपपुराणमा यसको चर्चा हुनु पनि हो । ऐतिहासिक दृष्टिले शालग्रामको पूजा गर्ने परम्परा कहिलेबाट सुरु भयो भन्ने बारेमा भन्न सजिलो छैन । व्यासद्वारा आजभन्दा करिब ३००० वर्षभन्दा पहिला रचना गरिएका स्कन्ध पुराण, शिवमहापुराण, वराह पुराण, श्रीमद्देवीभागवत् महापुराण, ब्रह्मावैवर्त्यपुराण, नरसिंह पुराणआदिमा शालग्रामको उत्पत्ति, महत्त्व, पूजाविधि आदिका बारेमा चर्चा गरिएकाले शालग्रामको ऐतिहासिक महत्त्व रहेको र पुराणयुगबाट नै शालग्रामको पूजा गर्न थालिएको हो भन्न सकिन्छ । अहिले पनि विश्वका जुनजुन ठाउँमा हिन्दू धर्मावलम्वीहरू बसोबास गर्छन् तीती ठाउँका मन्दिरहरूमा तथा वैष्णव तथा शैवहरूले घरमा शालग्राम शिलाको पूजा गर्ने भएकाले यसको महत्त्व रहेको छ । मुक्तिनाथ मन्दिरमा भगवान् नारायणको शालग्रामकै मूर्ति, रूरू क्षेत्रमा ऋषिकेश भगवान्को शालग्रामकै मूर्ति तथा अन्य प्रसिद्ध मन्दिरमा पनि शालग्रामकै मूर्ति पाइनुले यसको ऐतिहासिक महत्त्व छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## १५. शालग्राम र पितृमुक्ति

आफ्ना पितृहरूको मुक्तिका लागि कर्म गर्नु उनका सन्ततिहरूको कर्तव्य हो । भगिरथले आफ्ना साठी हजार पितृहरूको उद्धारका लागि गंगालाई पृथ्वीलोकमा अवतरण गराएको प्रसङ्ग श्रीमद्भागवत् महापुराण, शिवमहापुराण तथा स्कन्ध पुराणमा पाइन्छ । त्यस्तै हामीले पनि आफ्नो सानो प्रयासबाट पितृहरूलाई मुक्त गराउन सक्छौं । पितृहरूको मुक्तिका लागि सहज उपाय शालग्राम शिलाको सेवा तथा पूजा पनि हो । शालग्रामको निकट यदि कसैले श्राद्ध गर्छ भने तिनका पितृहरू सन्तुष्टमात्र हुने होइन मुक्ति पनि हुन्छन् भन्ने कुरा हिमवत् खण्डको ५५ औअध्यायमा पाइन्छ । यसलाई तलको श्लोकले स्पष्ट पारेको छ :

शालग्रामान्तिके देशे श्राद्धं यः कुरुते मुने ।
पितरस्तस्य तृप्यन्ति तृप्ता वर्षशतं दिवि । ६८।

(अर्थ : जुन मानिसले शालग्राम शिला नजिकै रहेको पवित्र ठाउँमा श्राद्ध गर्छ त्यसका सबै पितृहरू दिव्य सय वर्षसम्म स्वर्गलोकमा बसेर तृप्त हुन्छन् ) ।

स्कन्ध पुराणअन्तर्गत हिमवत्‌खण्डमा त यतिसम्म चर्चा गरिएको छ, जुन मनुष्यको मृत्यु शालग्राम शिलाको नजिकमा हुन्छ, यहाँसम्म कि किराको मृत्यु पनि शालग्राम शिला भएको क्षेत्रको एककोशसम्म भयो भने पनि त्यसको मुक्ति हुने कुरा निश्चित छ। कालीगण्डकी नदीमा गएर श्राद्ध गर्दा गयामा गएर गरेको श्राद्धभन्दा सय गुणा बढी फल पाइने र त्यहाँ गएर स्नान, दान, तप, होम गर्दा सबै पापबाट मुक्त भइने कुरा पनि शास्त्रमा पाइन्छ । यसलाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

श्राद्धं करोति यस्तस्यां पितृन् सर्वान् समुद्धरेत् ।
गयायां पिण्डदानान्तु लभेच्छतगुणं फलम् ॥
तस्यां च स्नानमात्रेण सर्वपापविवर्जित : ।
कैवल्यं प्राप्यते ज्ञानाज्जपहोमार्चनैर्मुने ॥

## १६. पूजामा शालग्राम शिलाको सङ्‌ख्या

कति सङ्‌ख्यामा शालग्रामको पूजा गर्ने भन्ने विषयमा मतैक्य पाइँदैन । जोडा सङ्‌ख्यामा शालग्राम पूजा गर्नुपर्छ। जोडामा पनि एक जोडाको निषेध र एक सङ्‌ख्याको विधान बताइएको छ । अर्थात् दुईओटा शालग्रामको र बिजोडा (एकबाहेक) शालग्रामको पूजा गर्नु हुँदैन । त्यसै गरी द्वादश सङ्‌ख्यामा शालग्रामको पूजाको विशेष महत्त्व रहेको छ। १२ सङ्‌ख्याको शालग्रामको पूजा गर्दा १२ कल्पसम्म पुण्य हुनाका साथै १२ करोड शिवलिङ्गको पूजा गर्दा जुन फल प्राप्त हुन्छ त्यो फल पाइने प्रमाण शास्त्रमा छ। यसलाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

शिला द्वादश वै देवि शालग्रामसमुद्‌भवा : ।
विधिवत्पूजिता येन तस्य पुण्यं वादामिते ॥
कोटिद्वादशलिङ्गैस्तु पूजितै : स्वर्णपङ्कजै : ।
यत्स्याद्‌द्वादशकल्पैस्तु दिनेनैकेन तद्‌भवेत ॥

निष्कर्षमा भन्दा एक सङ्ख्यामा बाहेक बिजोड शालग्रामको पूजा गर्नु हुँदैन भने दुई सङ्ख्यामा बाहेक जोड शालग्रामको पूजा गर्नुपर्छ ।

## १७. शालग्राम शिलाका प्रकृति, बनोट र प्रकार

जालन्धर मर्न उसकी पत्नीको सतीत्व अवहरण गर्नु अपरिहार्य थियो । भगवान विष्णुले वृन्दाको सतीत्व अवहरण गरिसकेपछि भगवान शिवले जालन्धरलाई मार्नुहुन्छ । पछि त्यो कुरा थाहा पाइसकेपछि वृन्दाले विष्णुलाई श्राप दिँदा विष्णु पत्थर भएर बस्नु परेको हो । वृन्दाको श्रापबाट प्रेरित भएर जब विष्णु कालीगण्डकीमा स्नान गर्न जानुभयो, त्यतिबेला विश्वकर्मालाई बोलाएर भगवान् विष्णु भन्नुहुन्छ :

विश्वसृक् त्वञ्च मे मूर्तिं निर्माहि स्वर्णिमोपलैः ।
अहं भूत्वा च कीटो वै कृष्णाभाभ्यन्तरे स्थितः ॥
यावन्तश्चाऽवतारा मे भविष्यन्ति च विश्वसृक् ।
तावन्तो भिन्नचिह्नैस्त्वञ्चक्रैश्च रचयाऽनिशम ॥हिमवत् ख.५५।१८-१५।

(अर्थ : हे विश्वकर्मा ! तिमीले सुनौला ढुङ्गाले मेरा मूर्तिहरू बनाऊ । तिमीले नै वज्रकीट नाम गरेको किरो भएर कालीगण्डकीभित्र वसी शालग्राम शिलाको निर्माण गर । कालीगण्डकीमा जति शिला छन्, तिनीहरूमा मेरा अवतार हुनेछन् । तिमीले फरकफरक चिन्ह भएका चक्रहरू अङ्कित गराई अलगअलग शालग्राम बनाऊ ) ।

यसरी विष्णुले विश्वकर्मालाई आदेश दिई पत्थर बन्नुहुन्छ र त्यही पत्थरलाई शालिग्राम भनिन्छ । त्यसपछि भगवान् विष्णुले वृन्दालाई तिमी पनि तुलसीको बोट र गण्डकी बनेर मेरै साथ हुनेछौ भनेर वरदान पनि दिनुहुन्छ । (जुन मानिसले एकादशीको दिन शालग्राममा तुलसीपत्र चढाउँछ त्यो मनिसको परमधाम हुन्छ भन्ने कुरा पनि शास्त्रमा पाइन्छ । )

भगवान् विष्णुको अरू रूपको भन्दा शालग्राम शिला रूपको पूजाको विशेष महत्त्व रहेको छ । शालग्रामलाई भगवान्को भावात्मक स्वरूप नमानेर सात्विक स्वरूप मानिन्छ । शालग्रामलाई विहान उठेर स्नान गरिसकेपछि मात्र छुनु पर्छ । शालग्रामलाई पञ्चामृतले स्नान गराउनु पर्छ । शालग्राम पूजाका निम्ति प्राणप्रतिष्ठाको आवश्यकता पर्दैन । भगवान् विष्णुको

सबै रूपको पूजा शालग्राममा नै गर्न सकिन्छ । श्रीकृष्णाष्टमीमा कृष्णको प्रतीकका रूपमा शालिग्रामको पूजा गर्न सकिन्छ भने राम नवमीमा शालग्रामको अभिषेक गर्नाले राम अभिषेकको फल मिल्छ । शालग्राम पूजामा शालग्राम माथि तुलसी राख्नाले धन तथा ऐश्वर्य प्राप्त हुन्छ । शालग्रामको पूजा गर्नाले अघिल्लो एक जन्मको पापबाट मुक्ति मिल्छ ।

गण्डकी नदीमा भगवान् विष्णु शालग्रामका रूपमा र नर्मदा नदीमा भगवान् शिव नर्मदेश्वरका रूपमा प्रकट हुनुभएको हो । स्कन्ध पुराणका अनुसार शालग्राम शिलामा भगवान विष्णु २४ भेदमा उपलब्ध हुनुहुन्छ । शालग्रामको पूजा अर्चना र ध्यान गर्दा समस्त पापको नाश हुन्छ भन्ने शास्त्रोक्त मान्यता रहेको छ । चतुर्मासमा शालग्रामलाई नैवैद्य, फल र जल चढाउँदा पुण्य प्राप्त हुन्छ । जुन ठाउँमा शालग्रामको पूजा हुन्छ त्यसको चारकोश दाँयाबाँया ठाउँ पवित्र हुन्छ भन्ने कुरा स्कन्ध पुराणमा पाइन्छ ।

तुलसी या वृन्दाको श्रापका कारण भगवान् विष्णु शालग्रामका रूपमा परिणत भएका हुन् भन्ने कुरा देवीभागवत्मा पाइन्छ । भगवान् विष्णु वृन्दालाई भन्नुहुन्छ :

अहं च शैल रूपेण गण्डकीतीरसन्निधौ ।
अधिष्ठानं करिष्यामि भारते तव शापतः ॥
कोटिसंख्यास्तत्र कीटास्तीक्ष्णदंष्ट्रावरायुधौः ।
तच्छिलाकुहरे चक्रं करिष्यन्ति मदीयकम् ।देवीभागवत् ९/२४/५६-५७ ।

(अर्थ : म तिम्रो श्रापका कारण पाषाण बनेर भारतवर्षमा गण्डकी नदीको तटमा बस्छु । त्यहाँ बस्ने करोडौ कीटहरूले आफ्ना तिखा टाँतले काटेर शिलामा मेरो चक्रको चिन्ह बनाउनेछन् भनेर भगवान् विष्णुले वृन्दालाई बताउनुहुन्छ । नदीमा किराले काट्दा शालग्राम स्वरूपमा र आकारमा भिन्नभिन्न हुन्छन् । नदीभित्रका शालग्राम र किनाराका शालग्राममा पनि अन्तर पाइन्छ । सूर्यको प्रकाशका कारणले नदीको किनारामा पाइने शालग्राम पहेला आकारका पनि हुन्छन् । फरकफरक आकारका र रङ्का शालग्राम विष्णुका विभिन्न रूपका प्रतीक मानिन्छन् ) ।

शालग्राम अनेक प्रकारका हुन्छन् । शालग्राम कतिप्रकारका हुन्छन् भन्ने विषयमा मतैक्य पाईदैन । स्कन्ध पुराणमा सामान्यता वर्षमा २४ एकादशी हुने र सोही आधारमा २४

प्रकारका शालग्राम शिला हुने कुराको चर्चा पाइन्छ । यसमा मूलत: अग्निपुराणमा दिइएको कुरालाई प्रमाण मानेर शालग्रामको लक्षण र प्रकारको सचित्र व्याख्या गरिएको छ । त्यहाँ भगवान् हयग्रिवले ब्रह्मादेवलाई वताउनुभएको शालग्रामको लक्षणलाई शालग्रामको लक्षण मानी क्रमशः उल्लेख गरिएको छ ।

## (१) वासुदेव शालग्राम

जुन शालग्राम शिलाका द्वारमा दुई चक्रका चिन्ह हुन्छन् र जसको वर्ण सेतो हुन्छ, त्यसको नाम वासुदेव शालग्राम हो । यसलाई अग्निपुराणको तलको श्लोकले स्पष्ट पारेको छ :

शालग्रामादिमूर्तीश्च वक्ष्येऽहं भुक्तिमुक्तिदाः ।
वासुदेवोऽसितो द्वारि शिलालग्नद्विचक्रकः ॥



## (२) सङ्कर्षण शालग्राम

जुन शालग्राम शिलाको रङ रातो हुन्छ र जसमा दुईओटा चक्रको चिन्ह हुन्छन् त्यसलाई भगवान् सङ्कर्षण भनेर जान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

ज्ञेयः सङ्कर्षणो लग्नद्विचक्रो रक्त उत्तमः ।



## (३) प्रद्युम्न शालग्राम

जुन शालग्राम शिलामा चक्रको सूक्ष्म चिन्ह छ र अनेकौं छिद्रहरू पनि रहेका छन् । जसको वर्ण निलो छ र आकृति पनि ठूलो छ; त्यसलाई प्रद्युम्न शालग्राम भनेर जान्नुपर्छ । यस कुरालाई अग्निपुराणको तलको पङ्क्तिले स्पष्ट पारेको छ :

सूक्ष्मचक्रो बहुच्छिद्रः प्रद्युम्नो नीलदीर्घकः ।



## (४) अनिरुद्ध शालग्राम

जुन शालग्राम शिलामा कमलको चिन्ह हुन्छ, जसको आकृति गोलो र रङ पहेलो छ; जसमा दुई वा तीनओटा रेखा रहेको हुन्छ त्यसलाई अनिरुद्ध शालग्राम मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पार्दछ :

पीतोऽनिरुद्धः पद्माङ्गो वर्त्तुलो द्वित्रिरेखावान् ।






### (५) नारायण शालग्राम

जुन शालग्रामको वर्ण कालो छ, नाभि उचालिएको छ र ठूलाठूला छिद्र पनि छ; त्यस प्रकारको शालग्राम शिलालाई नारायणको विग्रह मान्नुपर्छ। यस कुरालाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

**कृष्णो नारायणो नाभ्युन्नतः शुषिरदीर्घवान् ।**






### (६) परमेष्ठी शालग्राम

जुन शालग्राममा कमल र चक्रका चिन्ह हुन्छन् पृष्ठभागमा छिद्र हुन्छन् र जो विन्दुहरूले युक्त छ, त्यस खालको शालग्रामलाई परमेष्ठी मान्नुपर्छ। यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

परमेष्ठी साब्जचक्रः पृष्ठच्छिद्रश्च विन्दुमान् ।



## (७) विष्णु शालग्राम

जुन शालग्राममा चक्रको स्थूल चिन्ह छ, जुन श्याम वर्णको छ र जसको मध्यभागमा गदाजस्तो रेखा छ; त्यसप्रकारको शालग्रामलाई भगवान् विष्णुको विग्रह मान्नुपर्छ । यसलाई *अग्निपुराण*को तलको श्लोकांशले स्पष्ट पारेको छ;

स्थूलचक्रोऽसितो विष्णुर्मध्ये रेखा गदा कृति ।



## (८) नृसिंह शालग्राम

जुन शालग्राममा चक्रको स्थूल चिन्ह, कपिल वर्ण तथा पाँच बिन्दु हुन्छन् त्यसप्रकारको शालग्रामलाई भगवान् नृसिंहको विग्रह मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ;

नृसिंहः कपिलः स्थूलचक्रः स्यात्पञ्चविन्दुकः ।



## (९) वराह शालग्राम

जुन शालग्राममा शक्ति नामका अस्त्रको चिन्ह हुन्छन्; दुई चक्र हुन्छन् तर ती परस्पर विषम हुन्छन् । जसको कान्ति इन्द्रनील मणिको जस्तो नीलो हुन्छ र जसमा तीनओटा रेखाहरू भएको शुभसूचक हुन्छ; त्यसप्रकारको शालग्रामलाई भगवान् वराहको विग्रह मान्नुपर्छ । तलको श्लोकले यसप्रकारको शालग्रामको प्रकारलाई स्पष्ट पारको छ :

वराहः शक्तिलिङ्गः स्यात्तच्चक्रौ विषमौ स्मृतौ ।

इन्द्रनीलनिभः स्थूलस्त्रिरेखालाञ्छितः शुभः ।




## (१०) कूर्म शालग्राम

जुन शालग्रामको पृष्ठभाग उच्च छ, जुन गोलाकार आवर्त चिन्हले युक्त एवं श्याम वर्णको रहेको छ; त्यस शालग्रामलाई भगवान् कूर्मको विग्रह मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

कूर्मस्तथोन्नतः पृष्ठे वर्त्तुलावर्त्तकोऽसितः ।



## (११) हयग्रीव शालग्राम

जुन शालग्राम अङ्कुशका रेखाले सुशोभित, नीलो वर्णको र विन्दुले युक्त हुन्छ त्यसप्रकारको शालग्रामलाई भगवान् हयग्रीवको विग्रह मान्नुपर्छ । यसलाई तलको श्लोकांशले स्पष्ट पारेको छः

हयग्रिवोऽङ्कुशाकाररेखो नीलः सविन्दुकः ।




## (१२) वैकुण्ठ शालग्राम

जुन शालग्राममा एक चक्र र कमलको चिन्ह हुन्छ । जसमा मणिको जत्तिकै प्रकाश हुन्छ र पुच्छरका आकृतिका रेखाले पनि सुशोभित हुन्छ; त्यसप्रकारको शालग्रामलाई भगवान् विष्णुको वैकुण्ठका रूपमा बुझ्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :


वैकुण्ठ एकचक्रोऽब्जी मणिभः पुच्छरेखकः ।



## (१३) मत्स्य शालग्राम

जुन शालग्रामको आकृति ठूलो छ, जसमा तीनओटा सुन्दर विन्दु छन्, जो काँचजस्तो सेतो र भरिलो तथा खँदिलो छ; त्यसप्रकारको शिलालाई भगवान्‌को मत्स्यावतारको प्रतीक मान्नु पर्छ। *अग्निपुराण*को प्रस्तुत श्लोकले यसलाई स्पष्ट पारेको छ :

मत्स्यो दीर्घस्त्रिविन्दुः स्यात्काचवर्णस्तु पूरितः ।






## (१४) श्रीधर शालग्राम

जुन शालग्राम शिलामा वनमालाका चिन्ह र पाँच रेखाहरू हुन्छन्; त्यसप्रकारको गोलाकार शालग्रामलाई श्रीधर मान्नुपर्छ। यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

श्रीधरो वनमालाङ्कः पञ्चरेखास्तु वर्तुलः ।



## (१५) वामन शालग्राम

जुन शालग्राम अत्यन्त साना तथा गोलाकार छन्, जुन वर्णले नीला र विन्दुयुक्त पनि छन्, ती शालग्रामलाई वामन मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

वामनो वर्त्तुलश्चातिह्रस्वो नीलः सविन्दुकः ।






## (१६) त्रिविक्रम शालग्राम

जुन शालग्रामको कान्ति श्याम छ, जुन शालग्रामकोदक्षिण भागमा हारको रेखा र वायाँ भागमा विन्दुको चिन्ह छ; त्यसप्रकारको शालग्रामलाई त्रिविक्रम भनिन्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :


श्यामस्त्रिविक्रमो दक्ष रेखो वामेन विन्दुकः ।



## (१७) अनन्त शालग्राम

जुन शालग्राममा सर्पको चिन्ह तथा अनेकौं प्रकारका मूर्तिहरू मण्डित भएका हुन्छन्; त्यसप्रकारको शालग्रामलाई अनन्तको विग्रह मान्नुपर्छ । *अग्निपुराण*को तलको पङ्क्तिले यसलाई स्पष्ट पारेको छ :

अनन्तो नागभोगाङ्गो नैकाभो नैकमूर्तिमान् ।



## (१८) दामोदर शालग्राम

जुन शालग्राम स्थूल छ, जसको मध्यभागमा चक्रको चिन्ह छ र अधो भागमा सूक्ष्म दुई विन्दुले सुशोभित पनि छ; त्यसप्रकारको शालग्रामलाई भगवान् दामोदरको विग्रह मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

स्थूलो दामोदरो मध्यचक्रः द्वाः सूक्ष्मविन्दुकः ।



## (१९) सुदर्शन शालग्राम

जुन शालग्राम शिलामा एक चक्र छ; त्यसप्रकारको शालग्रामलाई सुदर्शन भनिन्छ । यसलाई *अग्निपुराण*मा यसरी स्पष्ट पारिएको छ :

सुदर्शनस्त्वेकचक्रो ।





## (२०) लक्ष्मीनारायण शालग्राम

जुन शालग्राममा दुई चक्र छन्; त्यसलाई लक्ष्मीनारायणको साक्षात् विग्रह मान्नुपर्छ । यसलाई तलको पङक्तिले स्पष्ट पारेको छ :

सुदर्शनस्त्वेकचक्र ो लक्ष्मीनारायणो द्वयात् ।



## (२१) अच्युत शालग्राम

जुन शालग्राममा तीन चक्र छन्; त्यसप्रकारको शालग्रामलाई भगवान् अच्युतको विग्रह मान्नुपर्छ । *अग्निपुराण*मा यसलाई यसरी स्पष्ट पारिएको छ:

त्रिचक्रश्चाच्युतो देव ।



## (२२) जनार्दन शालग्राम

जुन शालग्राममा चार चक्र छन्; त्यसप्रकारको शालग्रामलाई भगवान् जनार्दनको विग्रह मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छ :

जनार्दनश्चतुश्चक्रो ।



## (२३) वासुदेव शालग्राम

जुन शालग्राम शिलामा पाँच चक्र छन् त्यसप्रकारको शालग्रामलाई भगवान् वासुदेवको साक्षात् विग्रह मान्नुपर्छ । अग्निपुराणको तलको पङ्क्तिले यसलाई स्पष्ट पारेको छः

जनार्दनश्चतुश्चक्रो वासुदेवश्च पञ्चभिः ।

*(यस प्रकारको शालग्राम अप्राप्य)*

## (२४) प्रद्युम्न शालग्राम

जुन शालग्राम शिलामा छ ओटा चक्र छन्; त्यसप्रकारको शालग्रामलाई भगवान् प्रद्युम्नको साक्षात् विग्रह मान्नुपर्छ । अग्निपुराणमा यसलाई यसरी स्पष्ट पारिएको छः

षट् चक्रश्चैव प्रद्युम्नः ।

*(यस प्रकारको शालग्राम अप्राप्य)*

## (२५) सङ्कर्षण शालग्राम

जुन शालग्राम शिलामा सात चक्र छन्; त्यसप्रकारको शालग्रामलाई भगवान् सङ्कर्षणको विग्रह मान्नुपर्छ । *अग्निपुराण*को तलको पङ्क्तिले यसलाई स्पष्ट पारेको छः

षट् चक्रश्चैव प्रद्युम्नः सङ्कर्षणश्च सप्तभिः ।



## (२६) पुरुषोत्तम शालग्राम

जुन शालग्राम शिलामा आठ चक्र रहेका छन् त्यसप्रकारको शालग्रामलाई भगवान् पुरुषोत्तमको साक्षात् विग्रह मान्नुपर्छ ।*अग्निपुराण*मा यसलाई यसरी चिनाइएको छ :

पुरुषोत्तमोऽष्टचक्रो ।





## (२७) नवव्यूह शालग्राम

जुन शालग्राम शिलामा नौओटा चक्र छन्; त्यसप्रकारको शालग्रामलाई नवव्यूहको प्रतीक मान्नुपर्छ । तलको पङ्क्तिले यसलाई स्पष्ट पारेको छः

पुरुषोत्तमोऽष्टचक्रो नवव्यूहो नवाङ्कितः ।

*(यस प्रकारको शालग्राम अप्राप्य)*

## (२८) दशावतार शालग्राम

जुन शालग्राम शिला दशचक्रले युक्त छ; त्यसप्रकारको शालग्रामलाई भगवान् दशावतारको विग्रह मान्नुपर्छ । यसलाई तलको पङ्क्तिले स्पष्ट पारेको छः


दशावतारो दशभिर्दशैकेनानिरुद्धकः ।



## (२९) अनिरूद्ध शालग्राम

जुन शालग्राम शिलामा एघार चक्र देखिन्छन्; त्यसप्रकारको शालग्रामलाई भगवान् अनिरुद्धको विग्रह मान्नुपर्छ । यसलाई यस पङ्क्तिले स्पष्ट पारेको छ;

दशावतारो दशभिर्दशैकेनानिरुद्धक: ।



## (३०) द्वादशात्मा शालग्राम

जुन शालग्राम शिला बाह्र चक्रले युक्त छ; त्यसप्रकारको शालग्रामलाई द्वादशात्मा मान्नुपर्छ । यसलाई *अग्निपुराण*को तलको पङ्क्तिले स्पष्ट पारेको छ :

द्वादशात्मा द्वादशभिः अतऊर्ध्वमनन्तकः ।

*(यस प्रकारको शालग्राम अप्राप्य)*

## (३१)अनन्त शालग्राम

जुन शालग्राम शिलामा बाह्रभन्दा बढी चक्र रहेका छन्; त्यसप्रकारको शालग्रामलाई अनन्त मान्नुपर्छ । *अग्निपुराण*को तलको पङ्क्तिले यसलाई स्पष्ट पारेको छ :

द्वादशात्मा द्वादशभिः अतऊर्ध्वमनन्तकः ।



## १८. कस्तो शालग्राम पुज्नु हुँदैन

गण्डकी नदीको तटमा पाइने सबै शालग्राम पूजाका लागि योग्य छैनन् । कस्तो शालग्राम पूज्नु हुदैन भन्ने विषयमा मतैक्य पाईदैन । यहाँ *स्कन्ध पुराण*अन्तर्गत हिमवत्खण्डमा दिइएको प्रमाणका आधारमा यससम्बन्धी विचारको व्याख्या गरिएको छ । वर्णले कालो छ भने पनि जुन शालग्राममा कुनै चिन्ह छैन, त्यस्तो शालग्रामलाई पूजा गर्दाले कुनै फल प्राप्त हुँदैन (ढकाल, २०७५, पृ.४९०) ।




जुन शालग्राममा धेरै चक्र छन्, त्रिकोण परेको छ र वर्णले पनि कैलो छ भने त्यस्तो शालग्रामको पनि पूजा गर्नु हुँदैन । यदि यसप्रकारको शालग्रामको पूजा गरियो भने दाजुभाइको नाश हुन्छ । *स्कन्ध पुराण*अन्तर्गत हिमवत्खण्डको ५५ अध्यायमा लेखिएको छ :

कपिलो बहुचक्रश्च त्रिकोणो बन्धुनाशकृत । ५३।



त्यसै गरी घोटिएको शालग्रामको पूजा गरियो भने आयु नाश हुन्छ, डर पैदा हुन्छ र कुलकै नाश हुने कुराको उल्लेख पनि हिमवत् खण्डको ५५ अध्यायमा नै पाइन्छ। त्यस्तै कुरूप भएका, टुटेफुटेका, जलेका, त्रिकोण परेका, चक्र फुटेका, धेरै रेखा तथा चक्र भएका शिलाहरूलाई शालग्राम मानेर पूजा गर्नु हुँदैन भन्ने प्रमाण पाइन्छ । यस कुरालाई *स्कन्धपुराण*अन्तर्गत हिमवत् खण्डको ५५ अध्यायमा यसरी देखाइएको छः

करालो विकरालश्च सर्वसम्पत्प्रणाशकः ।



दुर्दरं स्फुटितं दग्धं त्रिकोणश्च विवर्जयेत् ।५५।

यसप्रकारका शिलाको पूजा गर्नाले अनिष्ठ हुन्छ भन्ने कुरा आएकाले यस्ता शिलाको पूजामा निषेध गरिएको हो ।

विकृतास्ये च दारिद्रयं पिङ्गले हानिरेव च ।

भग्नचक्रे भवेद्व्याधिर्विदीर्णे मरणं ध्रुवम् ॥

विकृत मुख भएको, पिङ्गल वर्ण भएको तथा खण्डित चक्र भएको शालग्राम पूजा गर्नु हुँदैन । यस्ता शालग्रामको पूजा गर्नाले क्रमशः दरिद्र, हानि र रोगी भइन्छ ।



## १९. शालग्राम शिलाको महिमा

शालग्राम शिलालाई भगवान् नारायणको साक्षात् विग्रह स्वरूप मानिन्छ। कलीयुगमा शालग्रामको सेवाले मनुष्यले मोक्ष्य प्राप्त गर्न सक्छन् । यसको महिमा अवर्णनीय छ । शालग्रामको पूजा गर्न कुनै भव्य विधान, मन्त्र तथा शास्त्रको ज्ञानको आवश्यकता पर्दैन । दैनिक रूपमा शालग्रामलाई स्नान गराएर त्यसमाथि चन्दन लगाई तुलसीपत्र चढाए मात्र ठूलो पुण्य हुन्छ । चन्द्र र सूर्य ग्रहणको समयमा घरमा राखिएका शालग्रामको पूजा अर्चना गर्नाले विभिन्न तिर्थमा गएर स्नान तथा दान गरेको फल मिल्ने कुरा *स्कन्ध पुराण*मा पाइन्छ । भनिएको छ :

व्रतं दानं प्रतिष्ठा च श्राद्धं च देवपूजनम् ।
शालग्रामस्य सान्निध्यात्प्रशस्तं तद्भवेदिति ॥
स स्नातः सर्वतीर्थेषु सर्वयज्ञेषु दीक्षितः ।
सर्वयज्ञेषु तीर्थेषु व्रतेषु च तपः सु च ॥

व्रत, स्नान, प्रतिष्ठा, श्राद्ध तथा देवपूजन आदि जुनसुकै कर्म शालग्रामको नजिकमा गरिन्छ भने त्यो कर्ताले सबै तिर्थमा स्नान गरेको र सबै यज्ञमा दीक्षित भएको मानिन्छ । यसबाट सबै यज्ञ, तीर्थ,व्रत र तपस्याको फल मिल्छ ।

पाठे चतुर्णां वेदानां तपसां करणे सति ।
तत्पुण्यं लभते नूनं शालग्रामशिलार्चनात् ॥

चार वेद पढेर तथा तपस्या गरेर जुन फल मिल्छ त्यो फल शालग्रामको पूजा गर्दा प्राप्त हुन्छ ।

शालग्रामशिलातोयं नित्यं भुङ्क्ते च यो नरः ।
सुरेप्सितं प्रसादं च लभते नात्र संशयः ॥
तस्य स्पर्श च वाञ्छन्ति तीर्थानि निखिलानि च ।
जीवन्मुक्तो महापूतोऽप्यन्ते याति हरेः पदम् ॥
तत्रैव हरिणा सार्धमसङ्ख्यं प्राकृतं लयम् ।
यास्यत्येव हि दास्ये च नियुक्तो दास्यकर्मणि ॥

जुन मनुष्यले शालग्रामशिलाको जल नित्य सेवन गर्छ, त्यसले देवताले इच्छा गर्ने पद प्राप्त गर्छ । समस्त तिर्थले पनि उसलाई स्पर्श गर्न चाहन्छन् । त्यसको जीवनमुक्त भएर अन्त्यमा श्रीहरिको लोकमा जान्छ । त्यहाँ पनि उसले हरिको दास्यभाव प्राप्त गर्छ र हरिकै सेवामा नियुक्त हुन्छ ।

यानि कानि च पापानि ब्रह्महत्यासमानि च ।

तं दृष्ट्वा च पलायन्ते वैनतेयादिवोरगाः ॥

ब्रह्माहत्याजस्ता भयङ्कर पाप पनि उसलाई देखेर यसरी भाग्छ, जसरी गरुणलाई देखेर सर्प भाग्छ ।

तत्पादरजसा देवी सद्यःपूता वसुन्धरा ।

पुंसां लक्षं तत्पितृणां निस्तरेत्तस्य जन्मतः ॥

त्यो मानिसको चरणको रजवाट पृथ्वी पनि तुरुन्त खुसी हुन्छिन् र उसका पितृहरूको पनि तुरुन्त उद्धार हुन्छ ।

शालग्रामशिलातोयं मृत्युकाले च यो लभेत ।

सर्वपापविनिर्मुक्तो विष्णु लोकं स गच्छसि ॥

निर्वाणमुक्तिं लभते कर्मभोगात्प्रमुच्यते ।

विष्णोः पदे प्रलीनश्च भविष्यति न संशय ॥

जुन मनुष्यले मृत्युको समयमा शालग्रामशीलाको जल सेवन गर्छ, त्यो समस्त पापवाट मुक्त भएर विष्णुलोक जान्छ । त्यसै गरी त्यो सबैकर्मभोगवाट मुक्त भएर भगवान् विण्णुको चरणमा लिन हुन्छ; यसमा कुनै संशय छैन ।

शालग्रामशिलां धृत्वा मिथ्या वाक्यं वदेत्तु यः ।

स यानि कुम्भिपाके च यावद्वै ब्रह्मणो वयः ॥

जुन मानिसले शालग्राम शिलालाई हातमा लिएर मिथ्या वचन बोल्छ, त्यो मानिस कुम्भिपाक नरकमा जान्छ र त्यहाँ ऊ ब्रह्माको आयुपर्यन्त निवास गर्छ ।

शालग्रामशिलां धृत्वा स्वीकारं यो न पालयेत ।

स प्रयात्यसिपत्रं च लक्षमन्वन्तरावधि ॥

जुन मानिसले शालग्राम शिलालाई हातमा लिएर आफूले गरेका प्रतिज्ञा पूरा गर्दैन त्यो असिपत्र नामक नरकमा जान्छ र त्यहाँ ऊ एकलाख मन्वन्तरसम्म बस्नुपर्छ ।

शालग्रामं च तुलसीं शङ्खं चैकत्र एव च ।

यो रक्षति महाज्ञानी स भवेच्छ्रीहरेः प्रियः ॥

जुन मानिसले शालग्राम, तुलसी र शङ्खलाई एकठाउँमा राख्छ त्यो भगवान् हरिका लागि अत्यन्तै प्रिय हुन्छ । शालग्रामको स्वरूप सिग्ध र चिल्लो हुनुपर्छ । शालग्राम पीत, निल र श्वेत वर्णको पनि हुन्छ ।

स्निग्धा कृष्णा पाण्डुरा च पीता नीला तथैव च ।

रक्ता, सूक्ष्मा च वक्रा च महास्थूला च लाञ्छिता ।

कपिला कर्पूरा लग्ना रुक्षा छिद्रा कूला चया ।

शालग्रामको सङ्ख्याको पूजा जोडा सङ्ख्यामा हुनुपर्छ, विजोडा सङ्ख्यामा हुनुहुँदैन । विजोडामा एउटा हुन सक्छ बाँकी जोडामा नै गर्नुपर्छ । शालग्रामको शीला किन्नु हुदैन । यदि किनेर पूजा गरियो भने त्यो द्वितीय कोटीको हुन्छ । यदि कसैलाई शालग्रामको पूजा गर्न मन लाग्यो भने ऊ मुक्तिनाथ गएर भगवान्को दर्शन गरी गण्डकी नदीमा गएर आफैले खोज्नुपर्छ । प्राप्त भएको शालग्राम आफ्नो मन्त्र दिएका गुरुलाई अर्पण गर्नुपर्छ र पछि गुरुसँग प्रार्थना गरी मागेर गुरुले दिएको शालग्राम भगवान्को पूजा गर्नुपर्छ । यो उत्तम उपाय हो । यदि गण्डकी नदीमा जान सकिएन भने केही भेटी दिएर लिनुपर्छ । वास्तवमा पूजा नै नगर्नु भन्दा अरुसँग मागेर भए पनि पूजा गर्दा राम्रै हुन्छ । अर्को कुरा परम्पराबाट प्राप्त भएको शालग्रामको पनि पूजाको फल पनि उत्तिकै महत्त्वपूर्ण छ । चतुर्मासमा यसको पूजाको विशेष महत्त्व छ ।

## २०. शालग्राम शिलाको बिक्री वितरण, मूल्य तथा चोरी अवैध कारोवार

शास्त्रमा शालग्राम शिलाको बिक्रीमा निषेध गरिएको छ । जुन मानिसले शालग्राम शिला बेचेर त्यसवापत् पैसा लिन्छ त्यसले दुख पाउँछ भन्ने कुरा शास्त्रमा पाइन्छ । स्कन्धपुराणअन्तर्गत हिमवत् खण्डको पचपन्नौं अध्यायमा भनिएको छ :

शालग्रामशिलायां यो मूल्यमुद्‌घाटयेन्नरः ।
विक्रेता चाऽनुमन्ता च परीक्षां योऽनुमोदयेत ।७०।
ते सर्वे पापिनो ज्ञेयाः शेषा दुखस्या भागिनः ।
किं मुने बहुनोक्तेन नरकं यान्ति दारुणम् ।७१।

(अर्थ : जुन मानिसले शालग्राम बेचेर त्यसको मूल्य लिन्छ, त्यो बेच्ने, बेच्नेलाई सल्लाह दिने र परीक्षा गर्ने सबै मानिसहरू पापी नै हुन्छन्, तिनीहरूले दुख पाउँछन् । हे मुने ! के भनूँ , तिनीहरू डरलाग्दो नरकमा पर्छन् ) ।

माथिका श्लोकलाई प्रमाण मान्दा जुन मानिसले शालग्राम भगवान्‌को सेवा गर्न चाहन्छ, त्यो मानिस स्वयं गण्डकीको तटमा गएर आफैले शालग्रामको खोजी गर्नुपर्ने देखिन्छ । शास्त्रमा के पनि भनिएको छ भने शालंग्राम भगवान्‌को सेवा गर्न इच्छुक मान्छेले योजनासहित मुक्तिक्षेत्र गएर सर्वप्रथम धारामा स्नान गरी भगवान्‌को दर्शन गर्नुपर्छ । त्यसपछि पुनः गण्डकी तटमा आएर गोता लगाई जलमा डुबेर शालग्रामको खोजी गर्नुपर्छ ।

नदीको तटमा पनि शालग्राम भगवान्‌को खोजी गर्न सकिन्छ । माथि उल्लेख गरिएका प्रकारका आधारमा शालग्रामको पहिचान गरी एकत्रित गरी आफ्नो मन्त्र गुरु वा कुनै शोत्रिय ब्रह्मनिष्ठ गुरुलाई सर्वप्रथम दर्शन गरी आफ्नो उद्‌देश्य बताउनुपर्छ र आफूले ल्याएका शालग्राम गुरुलाई अर्पण गरी गुरुसँग मागेर घरमा वा कुनै देवालयमा राखेर पूजा गर्नुपर्छ । यदि स्वास्थ्य या अन्य कुनै कारणले तिर्थमा जान सकिन्न र शालग्रामको सेवा गर्न मन छ भने गुरु वा भगवान्‌का भक्तसँग मागेर पनि पूजा गर्न सकिन्छ ।

शालग्राम दानको विशेष महिमा रहेको छ । वराह पुराणमा भगवान् शिवले भगवती पार्वतीलाई भन्नुहुन्छ :

दद्यात् भक्ताय यो देवि शालग्राम शिलो नर : ।

सुवर्ण सहितां दिव्यां पृथ्वीदान फले लभेत् ॥

(अर्थ : हे देवी ! जसले भक्तजनलाई शालग्राम दान दिन्छ त्यसले सुवर्णसहित पृथ्वीदान गरेको फल प्राप्त गर्छ ) ।

शालग्राम दानको मात्र महत्त्व छैन; यसको प्राप्तिको पनि उत्तिकै महत्त्व रहेको छ । कसैले आफूलाई शालग्राम दान दियो भने श्रद्धाका साथ उसलाई दक्षिणा दिनुपर्छ । दक्षिणा भने यति दिनुपर्छ भनेर तोक्नु हुंदैन । मुठ्ठी बन्द गरेर लिन सकिन्छ । शास्त्रमा भनिएको छ

एवं लक्षण सम्पन्ना पारंपर्य क्रमागता ।

उत्तमा सा तु विज्ञेया गुरु दत्तापि तत्समा ॥

(अर्थ : यदि कसैलाई कुनै भक्तबाट शालग्राम प्राप्त भयो भने त्योभन्दा ठूलो लाभ केही हुँदैन; त्यस्तै कूल परम्पराबाट र गुरुबाट पनि प्राप्त भयो भने त्यो उत्तम हुन्छ ) ।

हिजोआज नदीका तट, पूजासामग्री पसल तथा अन्य पसलहरूमा शालग्रामशिलाको विक्री वितरण हुने गरेको छ । भक्तजनहरूले त्यहाँबाट खरिद गरेर शालग्राम किनेर लैजान्छन् । शालग्रामलाई कति मूल्य हाल्छन् भन्ने कुराको कुनै लेखाजोखा छैन । सामान्यतया: एउटा शालग्रामलाई एकसयदेखि लिएर दशहजार र त्यसभन्दा वढी पनि भनेको पाइन्छ । भक्तहरूले आफ्नो क्षमता र योग्यताअनुसार किनेर लैजान्छन् ।

## २१. शालग्राम चक्रशिला धार्मिक पर्यटन मार्गको रूपरेखा

पुराणहरूमा पवित्र तिर्थहरूको परिक्रमा गर्दा ठूलो पुण्य प्राप्त हुने वर्णन पाइन्छ । यही विश्वास तथा मान्यताले सनातन धर्मावलम्बीहरू तिर्थहरूको यात्रा र परिक्रमा गरिरहन्छन् । वृन्दावनमा गिरिराज परिक्रमाको विशेष महत्त्व रहेको छ । नयाँ वर्षमा लाखौ सङ्ख्यामा भक्तजनहरू गिरिराजको परिक्रमा गर्न झुमिरहन्छन् ।

कालीगण्डकी नदी सर्वश्रेष्ठ नदी भएको र त्यस नदीको गर्भमा भगवानको विग्रह रूप शालग्राम पाइने भएकाले धार्मिक तथा आध्यात्मिक दृष्टिले यसको परिक्रमा गर्नु युक्तिसङ्गत छ। त्रिवेणीदेखि नारायणघाट, देवघाट, रामपुर, राम्दी, रिडी, रूद्रवेणी, मिर्मी, सेतीवेणी, बाग्लुङ हुँदै कागवेणी मुक्तिनाथसम्म पुग्दा बाटामा असङ्ख्य तिर्थहरू, मन्दिरहरू, गुरुकूल आश्रमहरू तथा जलविद्युत आयोजनाका साथै असङ्ख्य रमणीय पर्यटकीय स्थलहरू पनि रहेका छन् । काली गण्डकी परिक्रमाको बाटो खोल्दा या कार्यक्रम सञ्चालन गर्दा एकातिर यो क्षेत्र विशेष धार्मिक क्षेत्रका रूपमा विकशित हुन्छ भने अर्कातिर पर्यटकीय दृष्टिले पनि यसको विकास हुन्छ। यी क्षेत्रहरूमा पनि वराह पुराणमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट क्षेत्र, त्रिवेणी क्षेत्र र गंगा गण्डकीको सङ्गम क्षेत्रलाई विशेष महत्त्वको मानिन्छ । गंगा र गण्डकीको क्षेत्र भारतको विहारमा पर्ने भएकाले धार्मिक तथा पर्यटकीय दृष्टिले माथिका चार क्षेत्र विशेष महत्त्वका छन् । यी क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र वनाउन सकियो भने मनग्ये आर्थिक लाभ पनि उठाउन सकिन्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

काली गण्डकी नदीको विस्तार मुस्ताङ्को दामोदर कुण्डदेखि लिएर परासीको त्रिवेणी धामसम्म रहेको छ। दामोदर कुण्डमा भगवती गौरीको पसिनाबाट उत्पन्न भएकी काली र भगवान् विष्णुको गण्डस्थानबाट उत्पन्न भई मुक्तिनाथमा एकसय आठ धाराका रूपमा प्रवाहित भई कागवेणीमा आई कालीगण्डकीमा रूपमा चिनिएको यस नदीलाई कृष्ण गण्डकीका रूपमा पनि चिनिन्छ । भगवान् विष्णुले स्वयं कृष्णागण्डकी नदीमा शिलाका रूपमा आई वसेकाले यसको धार्मिक महत्त्व रहेको छ।

शालग्राम चक्रशिला धार्मिक पर्यटन मार्ग परिक्रमाको उद्देश्य भनेको गण्डकी नदीको परिक्रमाको उद्देश्य नै हो । यस परिक्रमाबाट पर्यटक तथा यात्रीहरूले गण्डकीको तटमा रहेका असङ्ख्य देवालय, मन्दिर तथा गौशालाहरूको दर्शन तथा अवलोकन गर्न पाउँछन् । यसबाट एकातिर पर्यटकहरूले करोडौ शालग्रामको एकै चोटि परिक्रमा गरेर आत्मशान्तिको अनुभूत गर्न पाउँछन् भने अर्कातिर तिनीहरूले चढाएका भेटी र दिएको दानबाट मन्दिरहरूको संरक्षण र निर्माणमा सहयोग मिल्छ । त्यसै गरी उनीहरूको आगमनबाट त्यस वरिपरिका होटल व्यवसाय चल्छ भने व्यापार व्यवसायबाट पनि त्यहाँका रैथाने मान्छेहरूलाई आर्थिक लाभ हुन्छ । त्यतिमात्र होइन हजारौ मान्छेलाई रोजगारीको अवसर पनि मिल्छ । शालग्राम

चक्रशिलाको परिक्रमाबाट यात्री तथा पर्यटकहरूले शालग्रामको महिमा थाहा पाउनुका साथै त्यसलाई देशविदेशसम्म पुऱ्याएर नेपालको महत्त्व बढ्छ ।

हाम्रो देश नेपाल बहु जातीय, बहु भाषी र बहु सांस्कृतिक देश हो । यहाँ जातीय, भाषिक, सांस्कृतिक तथा भौगोलिक विविधता पाइन्छ । शालग्राम चक्रशिला परिक्रमा गर्दा गण्डकी तथा शालग्रामको दर्शनका अतिरिक्त यी सबै कुराको अनुभूति गर्न तथा तिनका विविधताका बारेमा पनि जान्न सकिन्छ । मुक्तिनाथ मन्दिरको दर्शन गर्न तथा शालग्राम शिलाको रहस्यका बारेमा जान्न त्रिवेणीलाई परिक्रमा मार्गको प्रारम्भ विन्दु मानेर हिड्दा एकातिर त्रिवेणी नदी, त्यहाँका धार्मिक तथा अन्य ऐतिहासिक क्षेत्र, वाल्मीकि आश्रमका अतिरिक्त त्यस सेरोफेरोमा बस्ने थारू जातिका संस्कृतिका बारेमा पनि बुझ्न सकिन्छ । शालग्राम चक्रशिला परिक्रमा मार्गका लागि यात्रा तय गर्दा पहिलो रात त्रिवेणीमा बस्नुपर्ने हुन्छ । त्यही ठाउँमा बसेर वाल्मीकिले रामायण लेखेको ऐतिहासिक तथा धार्मिक सन्दर्भ पनि एकातिर आउँछ भने अर्कातिर त्यहाँ रहेका अनेकौं मन्दिरमा पूजा गरिएका शालग्रामको दर्शन पनि पर्यटकहरूलाई हुन्छ । मुक्तिनाथ आश्रमका पिठाधीश अनन्त विभूषित कमलानयनद्वारा निर्माण गरिएको मुक्तिनाथ आश्रममका शालग्रामहरूको दर्शन पनि हुने भएकाले यात्राको प्रारम्भ निकै भलदायी पनि हुन्छ । सकभर स्थानीय समुदाय, सरकारी तथा गैरसरकारीतहबाट त्यसको व्यवस्था मिलाउनु गर्ने हुन्छ । त्यहाँबाट हिड्दै नारायणी नदीको परिक्रमा गर्दै नारायणघाट आइपुग्दाको करिब ५०-६० कि. मि. को यात्रामा अन्यधेरै कुराबाट लाभान्वित पनि भइन्छ । तर त्यहाँ यात्रीलाई यात्रा गरेर हिड्न मिल्ने बाटोको व्यवस्था छैन । त्यसका लागि सरकारले नारायणी नदीको छेउबाट बाटो बनाउनु पर्ने हुन्छ । नदी किनारामा बस्ने माझी जातिको संस्कृति, थारू भिलेज तथा होमिस्टेबाट पनि यात्रीहरू प्रशस्त लाभान्वित हुन सक्छन् । नारायणघाटबाट करिब ८ कि.मिको दूरीमा रहेको देवघाटको पौराणिक, धार्मिक, ऐतिहासिक तथा सामाजिक महत्त्व रहेको छ । 'अनादिकालदेखि नै देवताहरूले तपस्या गरेर बसेको पवित्र ठाउँ देवघाट नेपालको मात्र नभएर विश्वकै अत्यन्त महत्त्वपूर्ण ठाउँ हो । यहाँ सत्ययुगमा प्रजापति ब्रह्माले महान् तपस्या गर्नुभयो त्यसै आदि प्रयागका रूपमा पुराणहरूमा प्रसिद्ध भयो, त्रेतायुगमा भगवान् रामले यहीं अश्वमेध यज्ञ गर्नुभयो । द्वापरयुगमा विभिन्न ऋषिमुनिले तपस्या र यज्ञयागादि गरे भने कलियुगमा पनि यहाँ ऋषिमुनि राजर्षिहरूबाट तपश्चर्या यज्ञयागादि हुँदै आएको तथ्य ऐतिहासिक ग्रन्थहरूबाट स्पष्ट हुन्छ (सरस्वती, २०७६,

पृ.४)' । यसप्रकारको महत्त्व देवघाट धामको रहेको छ । त्यतिमात्र नभएर देवघाटमा भगवान् विष्णुको विग्रहका रूपमा रहेको गण्डकी र भगवान् शिवको दिव्य त्रिशुलवाट निस्किएको त्रिशुली नदीको सङ्गमका हुन्छ र यहींवाट त्यसले नारायणी नामसमेत प्राप्त गर्छ । शालग्रामको विषयमा लेखिएका पुस्तकहरूको स्रोत सर्वसाधारणलाई थाहा नभएको सन्दर्भमा देवघाटमा शालग्रामका विषयमा लेखिएका पुस्तकहरूको पुस्तकालय वनाउने पर्ने आवश्यकता रहेको छ । यदि त्यस्तो गर्न सकियो भने शालग्रामको अध्ययन अनुसन्धानमा वैज्ञानिकता आउनाका साथै पुस्तकालय पर्यटकको समेत विकास हुने कुरा नकार्न सकिँदैन ।

गण्डकी परिक्रमाको यस अभियानवाट यी सवैकुरावाट पर्यटकहरू लाभान्वित पनि हुनेछन् । त्यहाँवाट कालीगण्डकी परिक्रमा गर्न अगाडि वढ्दा पहाडको वाटो भई वढ्नु पर्छ । करिव ६०-६० कि.मि. अगाडि वढ्दा प्रदेश नं. पाँचअन्तर्गत पर्ने पाप्पाको रामपुर पुगिन्छ । पर्यटकीय दृष्टिले यो क्षेत्र पनि महत्त्वपूर्ण छ । एकातिर रामपूरको विशाल फाँट, चारैतिरवाट पहाडले घेरेको उपत्यका तथा तलवाट कलकल गर्दै वगेको कालीगण्डकी नदी र त्यस नदीमा मिसिन आएका असङ्ख्य सानासाना खोलाहरूले हरेक मान्छेलाई लोभ्याउने भएकाले यो मार्ग महत्त्वपूर्ण मानिन्छ । त्यहाँवाट अगाडि वढ्दै जाँदा राम्दी हुँदै पाल्पाको रानीमहल र रिडीसम्म पुगिन्छ । रानी हमल र रिडी प्रदेश नं. पाँचका विशेण ऐतिहासिक स्थलहरू हुन् । राजा मणिमुकुन्द सेनले आफ्नी रानीका लागि करिव ४०० वर्ष अगाडि वनाइदिएको त्यसठाउँले हरेक पर्यटकहरूलाई लोभ्याउन सक्ने देखिन्छ । विडम्वनाको कुरो के छ भने त्यहाँदेखि मिर्मीसम्म कालीगण्डकी नदीको अस्तित्व राम्रो देखिँदैन । वर्षको १० महिना आफ्नो जलको १० प्रतिशत मात्र लिएर वग्ने कालीगण्डकीको ऐतिहासिक तथा पौराणिक महत्त्व मिर्मीमा रहेको विद्युत पावर हाउसले लुटेको देखिन्छ । वर्षाको करिव दुई महिना अलि ठूली भएर वग्ने तथा अन्य महिनामा सानो आकर लिएर वस्ने गण्डकीको महत्त्व रिडी, रूद्रवेणीमा कम हुँदै गइरहेको छ । प्रकृतिक रूपमा सरल तथा शौम्य भएर वग्ने प्रकृतिको अनुपम छटा पाइने धार्मिक दृष्टिले अत्यन्त श्रेष्ठ नदीलाई विकासका नाममा गरिएको दोहनले रिडी क्षेत्रको धार्मिक तथा पौराणिक महत्त्वलाई कम गर्न खोजेको प्रतीत हुन्छ । वास्तवमा सरकारले उर्जाको विकल्प खोलेर यसको प्राकृतिक वहावलाई निर्वाधरूपमा स्वतन्त्र नछोड्ने हो भने रिडी र रूद्रवेणीको जुन महत्त्व छ; त्यसमा कमी आउने निश्चित छ । त्यस ठाउँवाट अगाडि वढ्दै जाँदा करिव

१२-१३ कि.मि. को बाटो पछि मिर्मी पुगिन्छ । त्यस ठाउँमा रहेको विद्युत पावर हाउस र कालीगण्डकीमा बाधिँएको ड्यामले हरेक मान्छेको मनलाई लोभ्याउँछ । त्यसठाउँबाटको १०-११ कि.मि. को स्ट्रमरबाट जलयात्रा गरेपछि सेतीवेणी शिलामा पुगिन्छ, त्यहाँ रहेको शिलालाई एसियाकै सबैभन्दा ठूलो शिला मानिन्छ । यस शिलाभित्र वहुमूल्य धातु रहेको अनुमान गरिएको छ । यस शिलालाई शङ्ख आकारको शालग्राम मानिन्छ । राजा महेन्द्रका पालामा अफ्रिकाबाट वैज्ञानिकहरू आएर अनुसन्धान गरिएको र त्यसमा वहुमूल्य रत्नहरू पाइने कुराको उल्लेख गरिएको जन श्रुतिहरू पाइन्छ । सेतीवेणीदेखि बाग्लुङ, कुस्माहुँदै गलेश्वर पुगिन्छ ।शालग्राम परिक्रमा मार्गको महत्त्वपूर्ण क्षेत्र गलेश्वर पनि हुन सक्छ । यो पुलहाश्रमको नजिक गण्डकीको तटमा अवस्थित छ । यसलाई हरिहर क्षेत्र पनि भनिन्छ । यहाँ अवस्थित चक्र महाशिलामा गलेश्वर महादेवको मन्दिर, लक्ष्मीनारायण मन्दिर, चक्रराज सुदर्शन भगवान्सहित मुक्तिहरि राधाकृष्ण भगवान्को मन्दिर, यज्ञशाला, कुण्डतिर्थ श्री शालग्राम गण्डकी वेदविद्याश्रम जस्ता अनेकौ तिर्थहरू रहेका छन् । गलेश्वर, कागवेणी हुँदै मुक्तिनाथसम्मको यात्रागरिसकेपछि शालग्राम चक्रशिलाको यात्रा समाप्त हुन्छ ।

शालग्राम चक्रशिला धार्मिक पर्यटन मार्गलाई सफल, प्रभावकारी र जीवन्त बनाउन व्यापक अध्ययन गरेर विस्तृत कार्यक्रम व्यवस्थापन निर्माण गर्नुपर्छ । यसका लागि मार्गदर्शन गर्ने प्राविधिक, गण्डकी नदी तथा शालग्राम शिलाप्रति श्रद्धा भएका मानिसहरूको आवश्यकता पर्दछ । यसको जिम्मा लिने सरकारी निकाय, स्थानीय समुदाय, सुरक्षाकर्मीतथा स्वास्थ्यकर्मी आदिको पनि सहयोग आवश्यकता पर्दछ । यसको विश्वव्यापीरूपमा प्रचार गर्ने सूचना संयन्त्र आदिको पनि आवश्यकता गर्दछ । यसरी सबैको उचित सहयोगबाट मात्र यो मार्ग सफल हुन्छ ।

## २२. शालग्राम संरक्षणको दिगो व्यवस्थापनका उपायहरू

शालग्रामशिलाप्रति हिन्दू धर्मावलम्बीहरूको आस्था छ। शालग्राम भगवान् नारायणको विग्रह रूप मानिन्छ। विश्वमै एकमात्र नदी कालीगण्डकीमा पाइने शालग्रामको ऐतिहासिक, धार्मिक र पौराणिक महत्त्व रहेको छ भन्ने कुरामा हामी अवगत नै छौं।

शालग्राम शिला नेपालको कालीगण्डकीमा पाइने दुर्लभ तथा चामत्कारिक शिला भएको हुनाले यसको संरक्षणमा लाग्ने पर्ने देखिन्छ। शालग्रामभित्र सुन र अन्य रत्न हुने भएकाले एकातिर यसको खोजी गरेर व्यापार गर्ने मनसायले कतिपय काम भएको छ भने अर्कातिर विभिन्न चक्र भएका चक्रशिला तथा अन्य चिन्ह भएका शालग्रामको खोजी सबैले गर्ने भएकाले कतिपय मान्छेले शालग्रामको खोजी गरी स्वदेशी तथा विदेशी पर्यटकलाई सके अनुसारको पैसा पारेर बेच्ने गरेको सबैलाई अवगतै छ। त्यतिमात्र होइन कालीगण्डकी नदीमा रहेको वालुवा तथा शिला क्रसर उद्योगका बेच्दा पनि शालग्राम हराउने तथा बालुवा तथा ढुङ्गाको भाउमा जाने पनि निश्चित छ। यसरी शालग्राम खोजेर व्यापार गर्ने तथा क्रसर उद्योगमा लैजाँदा शालग्राम हराउने भएकाले यसको संरक्षणका लागि निम्नानुसारका काम गर्नुपर्ने देखिन्छ :

(क) कालीगण्डकी नदीको किनारमा रहेका बालुवा, ढुङ्गा तथा नदीजन्य पदार्थको वेचविखनमा बन्देज लगाउनु पर्छ। राज्य वा पालिकाहरूले त्यसवाट आउने राजश्व प्रत्यक्ष रूपमा नपाए पनि पर्यटनलाई उचित व्यवस्थापन गरे भने त्योभन्दा कयौं बढी रकम पर्यटन क्षेत्रवाट कमाउन सक्ने भएकाले यस कुरामा सचेत हुनुपर्छ।

(ख) कालीगण्डकी नदीवाट निस्कने नदीजन्य पदार्थको वेचविखनमा बन्देज लगाउँदा एकातिर नदीको स्वाभाविक तथा नेचुरल प्रवाहमा कुनै अवरोध आउँदैन भने अर्कातिर नदी बस्तीमा पस्ने वा त्यसले मानवीय क्षतिमा गर्ने विनाश कम हुनाका साथै नदीको धार्मिक तथा पौराणिक महत्त्वमा वृद्धि हुन्छ।

(ग) कालीगण्डकीमा पाइने शालग्रामको किनबेच गर्ने काम राज्यबाट कानुन बनाएरै बन्देज गर्नु पर्छ। यदि थाहा पाइयो भने त्यसलाई कानुनअनुसारको कार्वाही गर्नुपर्छ। यदि कसैले

शालग्रामको सेवा वा पूजा गर्न चाहन्छ भने स्वयं नदीकिनारामा गएर खोज्नुपर्छ। त्यसो गर्दा एकातिर शालग्रामको व्यापारव्यवसायमा कमी आउँछ भने अर्कातिर आन्तरिक तथा बाह्य पर्यटनमा पनि बृद्धि हुन्छ।

(घ) सरकारले सीमित पसल वा व्यापारिक केन्द्रलाई कर लिएर न्यूनतम मूल्यमा शालग्रामको व्यापार गर्न छुट दिनुपर्छ त्यसो हुँदा अनावश्यक शालग्राम वटाउने वा कृत्रिम शालग्राम बनाउने कार्य निरुत्साहित हुन्छ।

(ङ) राज्यस्तरबाट माथि भनेजस्तै शालग्राम करिडोर वनाएर ठाउँठाउँमा शालग्राम सङ्ग्रह राख्नुपर्छ। त्यसो गर्दा शालग्रामको पूजा गर्न तथा दर्शन गर्न स्वदेशी तथा विदेशी पर्यटकहरूको घुइचो लाग्छ र त्यसले एकातिर राजश्व सङ्कलनमा वृद्धि हुन्छभने अर्कातिर त्यस ठाउँको आर्थिक उन्नति पनि हुन्छ।

(च) एकादशी तिथि शालग्राम शिलाको पूजाका निम्ति सवैभन्दा उत्तम तिथि भएको र वर्षदिन भरि पर्ने २४ ओटा एकादशीमा आगअलग शालग्रामको पूजा गर्ने विधान भएकाले राज्यले कुनै एकादशी तिथिलाई शालग्राम प्रदर्शनी तिथिका रूपमा घोषणा गर्ने र त्यस कुरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचार गरी लाखौ पर्यटन भित्र्याउन सक्छ।

(छ) जुनजुन ठाउँमा शालग्राम सङ्ग्रहालय बनाइएको छ त्यसको संरक्षण र संवर्द्धनको जिम्मा त्यहींका स्थानीय धार्मिक सङ्घसंस्थाहरूलाई दिनुपर्छ। यसले गर्दा आफ्नो हो भन्ने भावना विकसित भई शालग्रामको संरक्षण हुन्छ।

(ज) राज्यले विश्वमा छरिएका एक अरव जति हिन्दूहरूको मनमा एक पटक गण्डकी परिक्रमा गर्नुपर्ने उत्साहमय वातावरण सिर्जना गर्नुपर्छ।

(झ) स्थानीय, प्रदेशस्तरीय तथा राष्ट्रिय स्तरका सञ्चारमाध्यमबाट शालग्रामको गतिविधिका बारेमा कार्यक्रम सञ्चालन गर्नुका साथै बुलेटिनहरू प्रकाशित गरेर यसको प्रचारप्रसार तथा विकासमा टेवा पुर्‍याउनु पर्छ।

(ञ) शालग्रामसम्वन्धी अनुसन्धान गर्ने शोधार्थीलाई प्रोत्साहन गर्न छात्रावृत्तिको व्यवस्था गर्नुपर्छ ।

(ट) कतिपय ठाउँलाई शालग्राम विशेष क्षेत्र घोषणा गरी शालग्राम महोत्सवको घोषणा गर्नुपर्छ।

(ठ) पर्यटकहरूको सुगमताका लागि ठाउँठाउँमा शुद्ध पिउने पानी र शौचालयको व्यवस्था गर्नुपर्छ ।

(ड) कालीगण्डकी नदीसँग प्रत्यक्ष जोडिएका देवघाट, मुक्तिनाथ, रिडीजस्ता पवित्र धार्मिक स्थलहरूको पनि सँगसँगै विकास गर्नुपर्छ र विकासका नाममा कालीगण्डकीको वहाव परिवर्तन गरेर अस्तित्व मेटन दिनुहुँदैन ।

(ढ) कालीगण्डकी नदीको वहाव परिवर्तन भए धार्मिक आस्थामा मात्र प्रहार हुने होइन, त्यस क्षेत्रका मानिसको जीविकोपार्जन र जीवन भोगाइमा पनि असर पर्न सक्छ त्यसैले यसको वहावलाई परिवर्तन गर्नेतिर सोच्न हुँदैन ।

समग्रमा शालग्राम संरक्षणको दिगो व्यवस्थापनका लागि विश्वको एकमात्र नदीकालीगण्डकीमा शालग्राम पाइने भएकाले कालीगण्डकी नदीलाई राष्ट्रिय नदीका रूपमा घोषणा गर्नुपर्छ । अनावश्यक रूपमा भएको व्यापारीकरणलाई वन्द गरी वेचविखनमा कानुन वनाई कडाईका साथ पालन गर्नुपर्छ । नदीको दुवै छेउमा पैदल तथा मोटरका लागि ट्र्याकनिर्माण गर्नुपर्छ। वाटामा हिड्ने स्वदेशी तथा विदेशी पर्यटकका लागि वस्ने वासस्थानको उचित व्यवस्था गर्नुपर्छ । ठाउँठाउँमा जल मार्गको व्यवस्थासमेत गर्नुपर्छ । विभिन्न ठाउँमा शालग्राम शिला प्रदर्शनी स्थल तथा संरक्षण केन्द्र स्थापना गर्नुपर्छ ।

विश्वमा हिन्दूको गर्भमा जन्मिएको मान्छेले शालग्रामका वारेका केही न केही सुनेकै हुन्छ । जिज्ञासु छ भने उसले केही जानेको हुन्छ । शालग्राम शिलाको नित्य पूजा गरियो भने सम्पूर्ण पापहरूको नाश भई अन्त्यमा भगवान् नारायणको धाममा गइन्छ भन्ने मान्यता पुराणहरूमा पाइन्छ। विशेषतः शालग्रामलाई पञ्चामृतले स्नान गराई, चन्दनको टीका लगाएर माथिवाट तुलसीपत्र चढाउने विधान छ । शालग्रामको पूजा गर्न कुनै पनि प्राणप्रतिष्ठा गर्नु पर्दैन । शालग्राम विजोड भए एक सङ्ख्यामा र जोड भए दुई सङ्ख्यामा पूजा गर्नु हुँदैन; वाँकी

जोडा सङ्ख्यामा पूजा गर्नुहुन्छ भन्ने कुरा शास्त्रमा पाइन्छ । विशेषतः द्वादश सङ्ख्यामा शालग्रामको पूजा गर्नु उत्तम हुन्छ । शालग्राम क्षेत्रमा गएर श्राद्ध गरियो भने पितृहरू मुक्त हुने कुरा पनि पुराणहरूमा उल्लेख गरिएको छ ।

वैज्ञानिक दृष्टिले शालग्रामलाई ऊर्जाको प्रतीक मानिन्छ । यसलाई कतिपयले मानौ ब्रह्माण्ड पनि मान्दछन् । घरमा शालग्राम राखेर पूजा गर्दा घरमा रहेका नकारात्मक कुरा तथा नेगेटेबिटी हट्दछ भन्ने मान्यता पाइन्छ । शालग्रामभित्र बहुमूल्य रत्न हुने भएकाले व्यापारिक दृष्टिले पनि यसको महत्त्व छ । पर्यटकीय दृष्टिले विश्वमा रहेका करिब एक अरब हिन्दू तथा अन्य धर्मावलम्बीहरूलाई पनि यसले आकर्षण गर्न सक्छ । हिजो आज शालग्रामको बिक्रीवितरण बढिरहेको छ । कम्तिमा एकसयदेखि लिएर अधिकतम दशहजार र त्यसभन्दा पनि बढीमा यसको बिक्री हुने गरेकाले नदीको तटमा व्यापारिक दृष्टिले यसको खोजी गर्ने समुदायको भिड लाग्ने गर्छ । एकतिर यसको बिक्री हुने र अर्कोतिर नदीजन्य पदार्थलाई क्रसर उद्योगले निर्माण सामग्रीका रूपमा प्रयोग गर्ने भएकाले भविष्यमा शालग्राम शिला प्राप्त गर्न कठिन हुने र लोप हुन सक्ने सम्भावना पनि उत्तिकै रहेको छ । यसका बारेमा सम्बन्धित निकायले बेलैमा सोचेर आवश्यक कदम चाल्न ढिला भइसकेको छ । गण्डकी नदीमा रहेको शालग्राम शिलाको प्रचार-प्रसार गर्न सकियो भने र गण्डकी नदीको तटमा शालग्राम परिक्रमा मार्गको निर्माण गर्न सकियो भने यसको महत्त्व बढ्नुका साथै प्रदेश नम्बर पाँचमा पर्ने रुरु क्षेत्र, उत्तरवाहिनी मालुङ्गा, रानीमहल, राम्दी, केलादीघाट, रामपुरलगायतका पर्यटकीय क्षेत्रको महत्त्व बढ्ने पनि निश्चित छ । बुँदागत रूपमा अध्ययनका निष्कर्षलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

(१) कालीगण्डकी नदी र शालग्राम शिला विश्वभरका करिब एक अरब हिन्दूहरूको आस्थाको केन्द्र हो ।

(२) शालग्राम शिला पाइने विश्वको एकमात्र नदी पनि कालीगण्डकी नै हो ।

(३) पुराणहरूमा शालग्राम शिलालाई भगवान् विष्णुका विभिन्न अवतारहरूको विग्रह मानिन्छ ।


(४) शालग्राम चक्रशिला धार्मिक पर्यटन मार्गको अभियानको थालनी गर्न प्रशस्त धार्मिक तथा पर्यटकीय आधारहरू रहेका छन् ।

(५) शालग्रामलाई देशको राष्ट्रिय शिलाका रूपमा घोषणा गरी यसको धार्मिक तथा आध्यात्मिक महत्त्वका बारेमा संसारभर प्रचारप्रसार गर्न सकिन्छ ।

(६) शालग्राम परिक्रमा मार्गको निर्माण गरी देशमा लाखौं स्वदेशी तथा विदेशी पर्यटकहरूलाई भित्राउन सकिन्छ ।

(७) शालग्रामको आध्यामिक मात्र नभएर वैज्ञानिक महत्त्व पनि भएकाले यसका बारेमा अनुसन्धान गरी देशविदेशमा निष्कर्ष प्रस्तुत गर्न सकिन्छ ।

## २४.शालग्राम शिलाको महत्त्वका बारेमा ख्यातिप्राप्त गुरुहरूको धारणा



शालग्राम शिलाको महत्त्व के छ ? शालग्रामको उत्पत्ति कसरी भएको हो र यसको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा यहाँ ख्यातिप्राप्त धर्मगुरुहरूको धारणालाई वहाँहरूकै शब्दमा राखिएको छ ।

विश्वमा एक मात्र नदी कालीगण्डकी (कृष्ण गण्डकी) मा पाईने विषेश प्रकारको शिलालाई शालग्राम भनिन्छ । विषेश गरी हिन्दू धर्मावलम्बीहरूले शालग्रामलाई भगवान् विष्णुको अवतारका रूपमा लिन्छन् भने सबै धर्ममा शालग्रामको पूजा गर्दछन् । भगवान्

कृष्णलाई गर्भमा धारणा गरेकी नदी कृष्ण गण्डकी हुन् भन्ने भनाई छ । एकमात्र शालग्राम पाइने नदी कृष्णगण्डकीको उद्गमस्थल दामोदर कुण्डको पहाड नै शालग्रामको मूल स्रोत हो । शालग्राममा बज्रकिट नामको किराले चक्र निर्माण गर्दछ भन्ने धार्मिक मान्यता छ । शालग्राममा विभिन्न धातुहरू पाईन्छन्। विश्वमा एकमात्र स्थानमा पाईने शालग्रामको स्रोत कालीगण्डकी नदीको धार्मिक मान्यताको संरक्षण र यसको विषेशताको विश्वव्यापी रूपमा परिचित गराई यसबाट मनग्ये आम्दानीको स्रोत बनाउन तपसिल अनुसारको कार्य र व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

(१) गण्डकी नदीलाई राष्ट्रिय गौरवको नदीको रूपमा विकास गर्नु पर्दछ ।

(२) नदीलाई स्वच्छ राख्नु पर्दछ ।

(३) नदी यथा स्थानमा बग्नु पर्दछ ।

(४) यस नदीबाट विद्युत निकाल्नाका लागि नदी नै डायभर्सन गर्दा शालग्राम पाईने क्षेत्रहरूमा शालग्राम पाइन छोडेको छ ।


(५) विद्युत निकाल्न परेमा सोही नदीभित्र नै पानी बग्न सक्ने गरी विकास गर्नु पर्दछ ।

(६) धार्मिक पदयात्राको रूपमा शालग्राम पाईने क्षेत्रलाई विकास गर्नु पर्दछ, जुन तराईमा त्रिवेणीदेखि कालीगण्डकी सेरोफेरो हुदै मुक्तिनाथसम्म पर्दछ । यसक्रममा कम्तिमा २ महिनाको पैदल मार्गमा यात्रुहरूको वासस्थान, पाटीपौवा, पानीको प्रवन्ध, स्वास्थ्य परीक्षण लगायतको सुरक्षाको व्यवस्था मिलाई प्रकृतिसँग रमाउँदै शालग्रामको दर्शन गर्दै कालीगण्डकी नदीको परिक्रमा गर्न सक्ने व्यवस्थाको विकास गर्नु पर्दछ ।

(७) शालग्राममा सुन पाईने हुंदा शालग्राम फुटाउनेजस्ता कार्यहरू गर्न थालेकोले सो कार्यको निगरानी र नियन्त्रण गर्न अनिवार्य देखिएको छ ।

८) समग्रमा शालग्राम शिलाको महत्त्व र शालग्राम पाईने विश्वमा एक मात्र नदी कालीगण्डकीको धार्मिक, सांकृतिक, र वैज्ञानिक महत्त्वको प्रचारप्रसार गरी पर्यटकीय क्षेत्रको विकास गरी आयआर्जन वृद्धि गर्नेतिर राज्यको ध्यान जानु पर्दछ ।

१००८ स्वामी रमणानन्द गिरिजी महाराज<br>
अध्यक्ष तथा प्रमुख<br>
महेश आश्रम देवघाट



कालीगण्डकी र त्यस क्षेत्रमा मात्र पाईने शालग्राम भगवान् बिष्णुको अवतारको रूपमा रहेको मान्यता छ। शालग्राममा बज्रकिट नामको किराले विभिन्न आकृतिका चक्रहरू वनाउने धार्मिक मान्यता छ भने यसभित्र सेतो, पहेलो धातुसमेत पाइने गरेको छ। शालग्रामलाई हिन्दू सनातन धमावलम्बीहरूले पूजा गर्ने गर्दछन् । आकारको हिसावले तिलको दानादेखि ३०० के.जी. सम्मको सङ्कलन गर्ने गरेको भएपनि अमलाको दाना बरावरको कालो र चिल्लो शालग्राम पूजागर्न राम्रो हुने भनाई छ। शालग्राममा उर्जा हुने हुँदा यो कहिले काहीँ मातृत्व घातक हन सक्ने भएकाले महिलाले पूजा गर्न तथा छुन नहुने भनाई रहदै आएको छ। शालग्राम घरमा राख्नाले सकारात्मक उर्जा पाइन्छ। त्यसैले सर्वप्रथम यसलाई धार्मिक महत्त्व दिनुपर्दछ। विकास र समय परिवर्तनसँगै गण्डकीको आध्यात्मिक महत्त्व क्रमश: कम भएको पाइन्छ । गण्डकीक्षेत्र र शालग्रामको महत्त्व धार्मिक र सांस्कृतिक रूपमा जोगाउँदै यसको महत्त्व विकास गर्नु पर्दछ। गण्डकीलाई विश्वकै एक मात्र स्वच्छ नदी र पानीको रूपमा राख्न सक्नु पर्दछ। शालग्रामको संरक्षण, प्रवर्द्धन र विश्वसामु चिनाउन निम्न अनुसारको व्यवस्था गर्न सक्नु पर्दछ :

(१) गण्डकीलाई स्वच्छ नदीको रूपमा रहन दिनु पर्दछ ।

(२) नदी दोहन गर्न नहुने ।

(३) नदी किनारा वा आसपासमा उद्योग, कलकारखाना स्थापना र सञ्चालन गर्न नहुने ।

(४) पर्यटनलाई शुल्क लिन नहुने ।

(५) गण्डकी नदी क्षेत्रलाई राष्ट्रिय सम्पदाको मान्यता दिनु पर्दछ ।

(६) स्वतन्त्र रूपमा नदी वग्न दिनु पर्दछ अनिमात्र यसले सुन्दरता वढाउँछ ।

(७) हाइड्रोपावर निर्माणका नाममा गिट्टी वालुवा उठाउन हुँदैन ।

(८) नदीमा वाँध वाध्न नहुने ।

(९) रिडीक्षेत्र अत्यन्तै दुर्गन्धित हुँदै गएको तथागिट्टी वालुवा उत्खनन भई रहेको हुँदा यसको तत्काल विकल्प खोज्नु पर्ने ।

(१०) धार्मिक, आध्यात्मिक रूपमा रहेको रिडीक्षेत्रमाथि पुल निर्माण गर्न नहुने ।

(११) नदीमा फोहर फाल्ने ढल निकास गर्नेजस्ता कार्यलाई निरुत्साहित गर्नु पर्ने ।

(१२) त्रिवेणीधामदेखि मुक्तिनाथसम्म पदमार्ग निर्माण गरी पदयात्राको वातावरण तयार गर्नु पर्ने ।

(१३) कालीगण्डकी नदीको दुवैतर्फ पदमार्ग वन्न सक्ने देखिँदैन ।

(१४) गण्डकीको जल विश्व जगत्मा वेच्न सक्ने गरी अवस्था सृजना गर्नु पर्दछ ।

(१५) नदीमा शालग्राम स्वच्छन्द रूपमा रहन र वहन दिनु पर्दछ ।

स्वामी ऋषि प्रपन्नाचार्य

स्वामी श्रीधर शालग्राम संग्रहालय (अध्यक्ष)

वागलुङ




कालो नदीको तटमा शालग्राम पर्वत छ, त्यही पर्वतमा विष्णु भगवान् शालग्राम शिलाको रूपमा रहनु भएको छ । त्यहीँ स्थानबाट शालग्राम कालीगण्डकी नदीमा बग्दै त्रिवेणीसम्म आउने गरेको पाइन्छ । धार्मिक मान्यताअनुसार बज्रकिट नामको किराले काटेर शालग्राम पत्थरलाई विभिन्न आकृतिमा चक्र निर्माण गर्छ भन्ने मान्यता रहदै आएको छ । शालग्राम विष्णु भगवान्को प्रतीक भएकाले शालग्रामको पूजा गर्ने गरिन्छ । सामान्यतया आकारका हिसावले सानासानादेखि ठूलाठूला आकारका शालग्राम पत्थर पाइन्छ भने अमलाको दाना बरावरको शालग्राम पूजा गर्दा राम्रो फल पाईन्छ भन्ने मान्यता छ । शालग्रामलाई सवै भगवान्को नाम लिएर पूजा गर्न सकिन्छ । घरमा राख्ने शालग्रामलाई नियमित पूजा गर्न नसके पनि कुनै अनर्थ हुदैन भन्ने भनाई छ । विष्णु भगवान्लाई श्राप लागेर पत्थर बनेपछि पत्नी सुन बनेर शालग्राम पत्थरमा रहेको भनाई पाइन्छ । त्यसैले शालग्रामभित्र सुन पाइन्छ भनी फुटाएर सुन निकाल्ने गर्ने गरेको देखिन्छ । शालग्राम पत्थर भित्र विभिन्न धातुहरू पाइन्छन् भन्ने भनाइ छ । शालग्राम शिलाको वैज्ञानिक रूपमा भने आजसम्म परीक्षण गरी कुनकुन धातु पाइन्छ भन्ने पुष्टि भएको पाइँदैनन ।

सहप्राध्यापक नवराज पाण्डे

परमानन्द संस्कृत बिद्यापीठ

देवघाटधाम, तनहू ।



गण्डकीले हजारौ बर्ष भगवान् बिष्णुको तपस्या गरिन् र सोबाट भगवान् प्रभावित भई गण्डकीलाई के चाहन्छौ भन्दा म हजुरलाई पुत्रमान्न पाऊँ भनेकाले शालग्रामका [illegible] उत्पन्न भएको भन्ने भनाई छ। शालग्राम १००० प्रकारभन्दा बढी भएको पाइन्छ। शालग्रामको स्वरूपलाई २४ अवतारका २४ स्वरूपका रूपमा मानेको पइन्छ। वर्णका किसिमले कालो र रातो गरी दुई किसिमका शालग्राम पाइन्छन्। शालग्राम नियमित पूजा गर्नु पर्दछ भने घरमा ठुला आकारका शालग्राम नराख्ने भन्ने भनाई छ। ४ धाममा नै शालग्राम राखी पूजा गर्ने गरेको पाइन्छ। शालग्राममा पञ्च धातु पाइने भनाइ पनि छ। विशेष गरी शालग्राममा मिश्रृत धातु पाइन्छ। वैज्ञानिक रूपमा शालग्रामको अध्ययन अनुसन्धानको आवश्यकता देखिन्छ। धार्मिक पर्यटन विकासको निमित्त गण्डकी करिडोरलाई पदमार्गमार्फत् ठाउँठाउँमा शालग्राम संकलन केन्द्र स्थापना गरी अवलोकन गराउँदा उत्तम हुन्छ। कृष्णगण्डकीलाई चक्रनदी पनि भन्ने गरेको पाइन्छ भने यस धार्मिक, सास्कृतिक, ऐतिहासिक रूपमा रहेको कालीगण्डकी र त्यसमा मात्र पाइने शालग्रामको देश तथा विदेशमा चिनाउन प्रचारप्रसार नभएको हुँदा राज्यको ध्यान यसको संरक्षण गर्दै विश्व सामु प्रचारप्रसार गर्न अनिवार्य देखिन्छ।

कृष्ण प्रपन्नाचार्य

गजेन्द्र मोक्ष धाम

त्रिवेणी


## २५. स्थलगत रूपमा शालग्राम उपलब्ध भएका क्षेत्रहरूका फोटाहरू



त्रिवेणीमा जम्मा गरिएका शालग्रामहरु




मिर्मीको जलविद्युतले कालीगण्डकीमा पारेको असर






शालग्राम अध्ययन टोलीद्वारा शालग्राम शिला खोज्दै




विश्वकै ठूलो शालग्राम शिला सेती वेणी




बागलुङको कुडुलेमा शालग्राम सङ्ग्रहालय



स्याङ्जाको उत्तरवाहिनीमा अवस्थित चक्रशिला शालग्राम



देवघाटमा अवस्थित शालग्राम चक्रशिला



टोली देवघाटमा गुरुसंग छलफल



मुक्तिनाथ मन्दिरमा शालग्राम अध्ययन टोली



शालग्राम अध्ययन प्रतिवेदन प्रस्तुतिकरण पश्चात माननीय मन्त्री कल्पना पाण्डे र सचिव डा. राजेन्द्र के.सी. संगको तस्वीर